CC-0. In Public Domain. Digitization by eGangotri

Chanaka Niti Darpan (5-1)

2
Copy
7
11
47

अथ

चाणक्यनीति-दर्पण

भाषा टीका सहित

पुस्तक पाइने ठेकाना—

सर्व हितैषी कम्पनी,

जालपा देवी रोड, बनारस सटी।

सं० २००२ —— मू० ।।।)

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

Bop—1

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥ श्रीः ॥

॥ चाणक्यनीतिदर्पणः ॥

प्रणम्य शिरसा विष्णुं त्रैलोक्याधिपतिं प्रभुम्॥ नानाशास्त्रोद्धृतं वक्ष्ये राजनीतिसमुच्चयम् ॥१॥ अधीत्येदं यथाशास्त्रं नरो जानाति सत्तमः ॥ धर्मोपदेशं विख्यातं कार्याकार्यं शुभाशुभम् ॥२॥ तदहं संप्रवक्ष्या-

---

तीन लोकको पालन गर्ने भयाका सर्व शक्तिमान् विष्णुलाइ शिरले प्रणाम गरि कन अनेक शास्त्र बाट झिकेर राजनीति समुच्चय नाम ग्रन्थ लाइ कहन्छू ॥ १ ॥ जो यस्लाइ विधिवत् पढीकन धर्मशास्त्रमा प्रसिद्ध शुभ कार्य र अशुभ कार्यलाइ जान्ने हुन्छ त्यो अति उत्तम गनिन्छ ॥ २ ॥ म लाकका हितका निमित्तले तेस्लाई

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

मि लोकानां हितकाम्यया॥ यस्य विज्ञानमा-
त्रेण सर्वज्ञत्वं प्रपद्यते ॥३॥ मूर्खशिष्योपदे-
शेन दुष्टास्त्रीभरणेन च॥ दुःखितैः संप्रयोगे-
ण पण्डितोप्यवसीदति ॥४॥ दुष्टा भार्या
शठं मित्रं भृत्यश्चोत्तरदायकः॥ससर्पे चगृ-
हे वासो मृत्युरेव न संशयः ॥५॥ आपद-
र्थे धनं रक्षेद्दारान्रक्षेद्धनैरपि ॥ आत्मानं

कहन्छु जसलाइ जान्नाले सर्वज्ञता प्राप्त हुन्छ
॥ ३ ॥ निरबुद्धि शिष्यलाइ पढाउनु दुष्टस्त्रीलाई
पाल्नु दुःखि हरुका साथ व्यवहार गर्नु यो पण्डित
ले पनी दुःख पाउँछ ॥ ४ ॥ दुष्टस्त्री शठ मित्र र
ज्वापलाउने चाकर र सर्प भएका घरमा वस्नु इ
मृत्यु स्वरूप हुन् यस्मा सन्देह छैन ॥ ५ ॥
आपत्ति निवारणका निमित्त धनलाइ बचाउनु
धनले पनि स्त्रीलाइ रक्षा गर्नु धनले स्त्रीले पनि

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

सततं रक्षेद्दारैरपि धनैरपि ॥ ६ ॥ आपदर्थे धनं रक्षेच्छ्रीमतश्च किमापदः॥ कदाचिच्चलिता लक्ष्मीः संचितापि विनश्यति ॥ ७॥ यस्मिन्देशे न संमानो न वृत्तिर्न च बान्धवाः ॥ नच विद्यागमोप्यस्ति वासं तत्र न कारयेत्॥८॥धनिकः श्रोत्रियो राजा नदी वैद्यस्तु पंचमः॥ पंच यत्र न विद्यंते न तत्र

आफ्नै रक्षा गर्नु योग्य छ ॥ ६ ॥ आपत्ति निवारणका निमित्त धनको रक्षा गरनु उचित छ के श्रीमान हरुलाइ पनि आपत्तिपर्छ । कदाचित् दैवसंयागले लक्ष्मी पनि जान्छिन् तेस्बेला मा संग्रह गरेको पनि नष्ट हुन्छ ॥ ७ ॥ जुन् देशमा न आदर हवोस् न जीविका मिलोस् न दाज्यु भाइ हुउन् न विद्यापाइयोस् तेस् देशमा वास न गरनु ॥ ८ ॥ धनि वैदिक ब्राह्मण राजा वैद्य

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

दिवसं वसेत् ॥ ९ ॥ लोकयात्रा भयं लज्जा दाक्षिण्यं त्यागशीलता॥ पचं यत्र न विद्यन्ते न कुर्यात्तत्र संगतिम् ॥ १० ॥ जानीयात् प्रेषणे भृत्यान् बान्धवान् व्यसनागमे॥ मित्रं चापत्तिकाले तु भार्यां च विभवक्षये ॥ ११ ॥ आतुरे व्यसने प्राप्ते दुर्भिक्षे शत्रुसंकटे ॥ राजद्वारे श्मशाने च यस्तिष्ठति स बांधवः॥

इ पाँच जहाँ छैनन् ताहाँ एक दिन् पनि न बसोस् ॥ ९ ॥ जीविका भयो लज्जा कुशलाता दाता ई पाँच जाहाँ छैनन् ताहाँको मनुष्यको संग न गर्नु ॥१०॥ काम लाउँदा चाकरलाइ दुःख परेमा दाज्यु भाइ लाइ विपत्ती कालमा मित्र लाइ धन नाश भएमा स्त्री लाइ चिन्हुँ ॥ ११ ॥ आतुर भएमा दुःख परेमा अनि काल परेमा बैरिहरु देखि संकट भएमा राजाका ढोकामा श्यशानमा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥ १२ ॥ यो ध्रुवाणि परित्यज्य अध्रुवं प-
रिषेवते ॥ ध्रुवाणि तस्य नश्यन्ति अध्रुवं
नष्टमेव हि॥१३॥वरयेत् कुलजां प्राज्ञो वि-
रूपामपि कन्यकाम् ॥ रूपशीलां न नीच-
स्थां विवाहःसदृशे कुले ॥१४॥ नदीनां च
नखीनांच शृंगिणां शस्त्रपाणिनाम्॥विश्वा-
सो नैव कर्तव्यः स्त्रीषु राजकुलेषु च॥१५॥

जो साथ दिन्छ तेही बन्धु हो ॥ १२ ॥ जो मिल्दो बस्तु लाइ छोडि कन दुर्लभ वस्तु को सेवा गर्छ भने मिल्दो बस्तु पनि नासिन्छ दुर्लभता नष्ट छ ॥ १३ ॥ बुद्धिमान्ले कुलकी कन्या न राम्री भये पनि तेसै लाई स्वीकार गर्नु नीचकुलको राम्रि भए पनि न गर्नु किन भने विवाह समान कुलमा गर्नु ॥१४॥ नदीको शस्त्र-धारिको नङ्ग्रा भयेका पशुको सिंङ् भयेका जन्तु

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

विषादप्यमृतं ग्राह्यममेध्यादपि कांचनम् ।
नीचादप्युत्तमां विद्यां स्त्रीरत्नं दुष्कुलादपि
॥१६॥स्त्रीणां द्विगुण आहारो लज्जा चापि
चतुर्गुणा ॥ साहसं षड्गुणं चैव कामश्चाष्ट-
गुणः स्मृतः ॥ १७ ॥
अनृतं साहसं माया मुर्खत्वमतिलो-

को स्त्री राजकुल को कैल्हो विश्वास न गर्नु ॥१५॥
विषबाटपनि अमृतलाइ अशुद्ध पदार्थबाट सुन्लाई
नीचकुलदेखिन् पनि उत्तमविद्यालाइ दुष्टकुल देखिन्
स्त्रीरूपरत्नलाइ लिनु ॥१६॥लोग्नेको भंदा स्वास्नी-
को आहार दुगुना लाज चौगुना साहस छगुना
काम आठगुना बढता हुन्छ ॥ १७ ॥

॥ इति प्रथमोध्यायः ॥

असत्य विना विचारि केहि काम भट गर्नु छल
मूर्खता लोभ अपवित्रता र निर्दयता इ स्त्री

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

भिता। अशौचत्वं निर्दयत्वं स्त्रीणां दोषः स्वभावजा ॥ १ ॥ भोज्यं भोजनशक्तिश्च रतिशक्तिर्वरांगना ॥ विभवे दानशक्तिश्च नाल्पस्य तपसः फलम् ॥२॥ यस्य पुत्रो वशीभूतो भार्या छंदानुगामिनी ॥ विभवे यश्च संतुष्टस्तस्य स्वर्ग इहैव हि ॥३॥ ते पुत्रा ये पितुर्भक्ताः स पिता यस्तु

हरूका स्वाभाविक दोष हुन् ॥ १ ॥ खाने कुरा पायेमा खानु सक्नु स्त्री भोग्गर्न सक्नु सुन्दरी स्त्री र संपती पाउनु दानशक्ति इन्को हुनु सानु पुण्य को फल हुँदैन ॥ २ ॥ जस्को छोरा बशमा छ जस्को स्त्री भने बमोजिम चल्छ जो विभवमा सन्तोष रहन्छ तेमलाई स्वर्गवास अहींछ ॥ ३ ॥ छोरो त्यै हो बाबुले भने को कां मान्दछ बाबु त्यैहो जो पालन् गर्दछ मित्र त्यै हो जस्को

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पोषकः ॥ तन्मित्रं यत्र विश्वासः सा भार्या यत्र निर्वृतिः॥ ४॥परोक्षे कार्यहन्तारं प्रत्यक्षे प्रियवादिनम् ॥ वर्जयेत्तादृशं मित्रं विष-कुम्भं पयोमुखम् ॥ ५ ॥ न विश्वसेत् कुमित्रे च मित्रे चापि न विश्वसेत्॥कदाचित् कुपितं मित्रं सर्वं गुह्यं प्रकाशयेत्॥ ६ ॥मनसा चिन्तितंकार्यं वाचा नैव प्रकाशयेत्॥मंत्रेण

विश्वास छ स्त्री त्यैहो जस्देखिन् सुख मिल्दछ ॥ ४ ॥ पछिल्तिर काम बिगारने अघिल्तीर परेमा मिठा मिठा कुरा बनाई गरने तेस्ता मित्र लाई मुखमा दुध भएको मित्र विष भरिये का घडा लाइ छोंढे भैं छोडनु ॥ ५ ॥ कुमित्र सँग कैल्हे विश्वास न गर्नु बढिया मित्र सँग पनि विश्वास नखोल्नु किनभने कदाचित् रिसाया भने सब गुप्त कुरा जाहेर गर्दिन्छ ॥ ६ ॥ मनले

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

रक्षयेद् गूढं कार्यं चापि नियोजयेत्॥७॥
कष्टं च खलु मूर्खत्वं कष्टं च खलु यौवनं ॥
कष्टात् कष्टतरं चैव परगेहनिवासनं ॥८॥
शैले शैले न माणिक्यं मौक्तिकं न गजे गजे॥
साधवो नहि सर्वत्र चन्दनं न वने वने ॥९॥
पुत्राश्च विविधैः शीलैर्नियोज्याः सततं बुधैः ॥ नीतिज्ञाःशीलसंपन्ना भवन्ति कुल-

---

चिताया को कुरा मुखले जाहेर न गर्नु बरु जतन ले तेस्लाइ गुप्त राखि कामले मात्र जाहेर गर्नु ॥ ७ ॥ मूर्खता दुख दिन्छ बैंसपनो दुःखदिन्छ तर आर्काको घरमा बतुवा हुनू ता अत्यन्त दुःख हुन्छ ॥ ८ ॥ सबै पर्वतमा मणि हुदैन सबै हात्ति मा मोति हुंदैन साधु सन्त सबै जग्गामा मिल्दैनन् श्रीखण्ड सबै जंगलमा हुँदैन ॥ ९ ॥ बुद्धिमान् हरुले आफ्नु छोरा लाई अनेक प्रकार्का

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पूजिताः ॥१०॥ माता रिपुः पिता शत्रुर्बालो येन न पाठ्यते ॥ सभामध्ये न शोभन्ते हंसमध्ये बको यथा ॥११॥ लालनाद्बहवो दोषास्ताडनाद्बहवो गुणाः॥ तस्मात्पुत्रं च शिष्यं च ताडयेन्न तु लालयेत्॥१२॥ श्लोकेन वा तदर्द्धेन तदर्द्धार्द्धाक्षरेण च ॥ अवन्ध्यं दिवसं कुर्याद्दानाध्ययनकर्मभिः

शील स्वभावमा लगाउनु किन भने नीति जान्ने यदि शीलवान् भये देखी कुलमा (पूजित) श्रेष्ठ हुन्छ ॥ १० ॥ ती आमा शत्रु त्यो बाबू बाट जसले आफ्नु बालक लाइ पढाएन यस कारणले कि सभाका बिचमा त्यो मूर्ख शोभा पाउँदैन जस्तै हाँसका बिचमा बकुलो ॥ ११ ॥ पुल्पुल्याउनाले धेरै विगार हुन्छ हपकाउनाले धेरै गुण हुन्छ यस्कारणले छोरा लाइ चेलालाई हप्काउनु न पुल्पुल्याऊनु ॥ १२ ॥ श्लोक आधा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥१३॥ कांतावियोगः स्वजनापमानो रण-
स्य शेषः कुनृपस्य सेवा॥ दरिद्रभावो विष-
मा सभा च विनाग्निमेते प्रदहन्ति कायं१४
नदीतीरे च ये वृक्षाः परगेहेषु कामिनी ॥मं-
न्त्रिहीनाश्च राजानः शीघ्रं नश्यंत्यसंशयः
॥१५॥ बलं विद्या च विप्राणां राज्ञां सैन्यं
बलं तथा ॥ बलं वित्तं च वैश्यानां शूद्राणां

श्लोक आधाको आधा श्लोक दिनहुं पढनु उचित
छ किन भने दानले पढनाले अर्थात् सत्कामले
दिन बिताउनु ॥ १३ ॥ स्त्रीको विरह आफ्ना
मान्छे देखिन् अनादर लडाजिमा बधेका शत्रु
घटिया राजाको चाकरि दरिद्रता र अविवेकी हरू
का सभा ई बिना आगैले डढाउँछन् ॥ १४॥
नदीका तीरकोवृक्ष अर्काको घर्मा जाने स्त्री मन्त्री
न भयेका राजा निश्चयै शीघ्र नष्ट हुन्छन् ॥ १५ ॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

च कनिष्ठिका ॥१६॥ निर्धनं पुरुषं वेश्या प्रजा भग्नं नृपं त्यजेत् ॥ खगा वीतफलं वृक्षं भुक्त्वा चाभ्यागता गृहम् ॥ १७ ॥ गृहीत्वा दक्षिणां विप्रास्त्यजन्ति यजमानकं। प्राप्तविद्या गुरुं शिष्या दग्धारण्यं मृगास्तथा ॥१८॥दुराचारी दुराद्दष्टिर्दुरावासीस दुर्जनः॥ यन्मैत्री क्रियते पुंसा स तु शीघ्रं विनश्यति

ब्राह्मण हरूको बल विद्या तेस्तै राज़ा को बल सेना वैश्य को बल धन शूद्रको बल सेवा हो ॥ १६ ॥ निर्धन पुरुषलाइ वेश्या शक्ति हीन राजा लाइ प्रजा फल रहित अर्थात् फल फुल, न भयका वृक्षलाइ पक्षी र खाइसके पछि तेस् घलाइ पाहुना छोड्दछन् ॥ १७ ॥ ब्राह्मणले दक्षिणा पाये पछी यजमान लाइ त्यागगर्दछन् शिष्यले विद्या पढी सके पछी गुरुलाइ तेस्तै डढेका बनलाइ मृगहरू छोडदछन् ॥ १८ ॥ जस्को आ-

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥१९॥ समाने शोभते प्रीती राज्ञि सेवान्न शोभते ॥ वाणिज्यं व्यवहारेषु स्त्री दिव्या शोभते गृहे ॥ २० ॥

कस्य दोषः कुले नास्ति व्याधिना केन पीडिताः॥ व्यसनं केन न प्राप्तं कस्य सौख्यं निरंतरं ॥१॥ आचारः कुलमाख्याति दे

चरण न जातीछ जस्को दृष्टि पापमा रहन्छ न जाती ठाउँमा वस्ने दुर्जन पुरुष हरूको जो सँग हुन्छ त्यो ता शीघ्र नै नष्ट हुन्छ ॥ १९ ॥ समान जनमा प्रीति सुहाउँछ चाकरी राजाको सुहाउछ घरमा दिव्य स्त्री सुहाउँछ ॥ २० ॥

॥ इती द्वितोयोऽध्यायः ॥

दोष कस्को कुलमा छैन रोगले पीडित न भये का कोछ दुःख न पाउने कोछ भने सबै लाई हुन्छ ॥१॥ आचारले कुललाइ जनाऊँछ बोलीले

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

शमाख्याति भाषणम् ॥ संभ्रमः स्नेहमा-
ख्याति वपुराख्याति भोजनं ॥२॥ सत्कुले
योजयेत्कन्यां पुत्रं विद्यासु योजयेत ॥ व्यस-
ने योजयेच्छत्रुं मित्रं धर्मेण योजयेत ॥ ३ ॥
दुर्जनस्य च सर्पस्य वरं सर्पो न दुर्जनः ॥ सर्पो
दशति काले तु दुर्जनस्तु पदे पदे ॥ ४ ॥
एतदर्थं कुलीनानां नृणः कुर्वन्ति संग्रहम् ॥

देश जनाउँछ आदरले प्रीति लाइ प्रकाशगर्दछ
॥ २ ॥ कन्या श्रेष्ठकुलको वरलाई दिनू पुत्र लाई
विद्याभ्यास गराउनू शत्रुलाई सक्के सम्म दुःखदिनू
मित्रलाई धर्मको उपदेशदिनू बढिया हुन्छ ॥ ३ ॥
दुर्जन् र सर्पमा सर्प वरू बढिया दुर्जन् न बढिया
किनभने सर्पता काल पायेर मात्र टोक्दछ दुर्जन
जोछ त्यो पाइलै पीछे टोक्दछ ॥ ४ ॥ राजाहरू
कुलीनको संग्रह किन गर्छन् भने कुलीन पुरुष

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

आदिमध्यावसानेषु न त्यजंतिच्च ते नृपम्
॥५॥ प्रलये भिन्नमर्यादा भवन्ति किल सा-
गराः ॥ सागरा भेदमिच्छन्ति प्रलयेपि न
साधवः ॥६॥ मूर्खस्तु परिहर्तव्यः प्रत्यक्षो
द्विपदः पशुः॥ भिनत्ति वाक्यशल्येन अ-
दृशं कंटकं यथा ॥७॥ रूपयौवनसम्पन्ना

आदी मध्ये अन्त्य अर्थात् उन्नती साधारण बिपत्ती कैल्हे पनी राजालाइ छोड्दैनन् ॥ ५ ॥ प्रलय का बखतमा समुद्र पनी आफ्नु मर्यादा छोड्छन् सागर भेदको इच्छा राख्दछ परन्तु साधु जन हरू प्रलय भया पनी आफ्नु मर्यादा छोड्दैनन ॥ ६ ॥ मूर्ख देखीन् टाढैरहनु वढियाछ के कारणले भने देख्दा मात्र मनुष्य जस्ता छन् तर साक्षात् पशु हुन् वाक्य रूपी काँढाले घोच्दछन् जस्तै अन्धा लाइ काँढाले ॥ ७ ॥ अत्यन्त रूपवान् तरुण वेस्कुलमा जन्म

Kirtikant Sharma Collection, Najafgarh.

CC-0. In Public Domain. Digitization by eGangotri

विशालकुलसम्भवाः॥विद्याहीना न शोभ-
न्ते निर्गन्धा इव किंशुकाः॥८॥ कोकिला-
नां स्वरं रूपं स्त्रीणां रूपं पतिव्रतम् ॥ विद्या
रूपं कुरूपाणां क्षमा रूपं तपस्विनाम् ॥९॥
त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत्।
ग्रामं जनपदस्यार्थे ह्यात्मार्थे पृथिवीं त्यजेत्
॥१०॥ उद्योगे नास्ति दारिद्र्यं जपतो ना-

भयाको छ ता पनी विद्याछैन भने जस्ते सुगन्धहीन
पलासको फुल सुहाउँदैन तस्तै हुन्छ ॥ ८ ॥ कोइ
लीको शोभा स्वर स्त्रीहरू को शोभा पतिब्रत धर्म
कुरूप पुरुष हरूको शोभा विद्या तपस्वी हरूको शोभा
क्षमा हो ॥ ९ ॥ कुलको निमित्तक् यौटालाई त्या-
ग्नु गाउँको बढिया हुन्छ भने कुल त्याग्नु देशका
लागी गाउँनै त्याग्नु आत्माको निमित्त पृथिवीनै
त्याग्नु परे पनी त्याग्नु पर्छ ॥ १० ॥ उद्योग गरे

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

स्ति पातकम् ॥ मौने च कलहो नास्ति ना-
स्ति जागरिते भयम् ॥ ११ ॥ अतिरूपेण
वै सीता ह्यतिगर्वेण रावणः ॥ अतिदा-
नाद्बलिर्बद्धो ह्यति सर्वत्र वर्जयेत् ॥ १२ ॥ को
हि भारः समर्थानां किं दूरं व्यवसायिनां ॥
को विदेशः सुविद्यानां कः प्रियः प्रियवा-

पछी दरिद्रता नाश हुन्छ जपगरे पछी पाप् नाश
हुन्छ मौन रहे पछी झगडा नाश हुन्छ जागा रहे
पछी डर हुँदैन ॥ ११ ॥ अत्यन्त सुन्दरी हुनाले
सीता हरण भइन् अति गर्व गर्नाले रावण मारियो
अति दानदिदामा बलिले बाँधिनुपरयो भने क्यै कुरो
पती अती गर्नु छैन ॥ १२ ॥ समर्थवान लाइ
के वस्तु भारीछ तत्पर रहनेलाइ के टाढाछ विद्या
वान लाइ विदेश कुछ छ प्रियवादी लाइ को प्या·

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

दिनाम् ॥ १३ ॥ एकेनापि सुवृक्षेण पुष्पितेन सुगन्धिना ॥ वासितं तद्वनं सर्वं सुपुत्रेण कुलं यथा ॥ १४ ॥ एकेन शुष्कवृक्षेण दह्यमानेन वह्निना ॥ दह्यते तद्वनं सर्वं कुपुत्रेण कुलं यथा ॥ १५ ॥ एकेनापि सुपुत्रेण विद्यायुक्तेन साधुना ॥ आल्हादितं कुलं सर्वं यथा चन्द्रेण शर्वरी ॥ १६ ॥

रोछन् ॥ १३ ॥ सुगंध युक्त फूल भयेका यौटा वृक्षछ भन्या सारा वन्लाई वास पुग्छ यस्तै सपूत भए यौटै पुत्रले कुल लाइ हुन्छ पुग्छ ॥ १४ ॥ सुकेका यौटा वृक्ष डढ्यो भने पनी सारा बन् लाइ डढाउँछ तस्तै कपुत पुत्र भयो भने कुलको भस्म गर्दछ ॥ १५ ॥ यौटै पुत्र पनी विद्यावान् सपूत भयो भने कुल्भरि लाइ आनन्द हुन्छ जस्तो यौटै चन्द्रमाले रात्रीको शोभा हुन्छ ॥ १६ ॥ शाक्

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

किं जातैर्बहुभिः पुत्रैश्शोकसंतापकारकैः ॥ वरमेकः कुलालंबी यत्र विश्राम्यते कुलम् ॥ १७ ॥ लालयेत्पञ्चवर्षाणि दशवर्षाणि ताडेयत् ॥ प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत ॥ १८ ॥ उपसर्गेऽन्यचक्रे च दुर्भिक्षे च भयावहे ॥ असाधुजनसंपर्के यः पलायति जीवति ॥ १९ ॥ धर्मार्थका-

---

संताप दायक पुत्र धेरै भयेर केगनु कुल लाई सहायता गर्ने यौटै पुत्र भये पनी पुग्दछ जस्मा कुल विश्राम गर्न पाउँछ ॥ १७ ॥ पुत्र लाइ पाँच वर्ष सम्म प्यारो गनु उप्रांत तानाडा गर्नु सोन्ह वर्षको पुगे पछी पुत्र सँग मित्र समान आचरण गरोस् ॥ १८ ॥ उपद्रव उठेमा शत्रुको आक्रमणमा भयानक अकाल परेमा र खलजन सँग वस्नु जो भाग्दछ तेस्ले ज्यान् रक्षा गर्दछ ॥१९॥ धर्म भयो

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

ममोक्षेषु यस्य कोपि न विद्यते ॥ जन्म जन्मनि मर्त्येषु मरणं तस्य केवलं ॥२०॥
मूर्खा यत्र न पूज्यंते धान्यं यत्र सुसंचितम् ॥ दांपत्ये कलहो नास्ति तत्र श्रीः स्वयमागता ॥ २१ ॥

आयुः कर्म च वित्तञ्च विद्या निधनमेव च ॥ पञ्चैतानि हि सृज्यन्ते गर्भस्थ-

---

अर्थ भयो काम भयो मोक्ष भयो यो चारमा जस्मा कुनैपनी छैन तेस मनुष्यको जन्म व्यर्थहो केवल् मर्ना निमित्तमात्र जन्म भयेको रहेछ ॥२०॥
जहाँ मूर्खको पूजा हुंदैन जहाँ अन्न संचित रहन्छ जहाँ स्त्रीपुरुषमा कलह हुँदैन तहाँ लक्ष्मी आफैं विराजमान् रहन्छीन् ॥ २१ ॥

॥ इति तृतीयोऽध्यायः ॥

आयुर्दा कर्म धन विद्या नाश ई पाच थोक

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

स्यैव देहिनः ॥१॥ साधुभ्यस्ते निवर्तन्ते पुत्रा मित्राणि बान्धवाः ॥ ये च तैः सह गंतारस्तद्धर्मात्सुकृतं कुलम् ॥ २ ॥ दर्शनध्यानसंस्पर्शैर्मत्सी कूर्मी च पक्षिणी ॥ शिशून् पालयते नित्यं तथा सज्जनसंगतिः ॥ ३ ॥ यावत् स्वस्थो ह्ययं देहो यावन्मृत्युश्च दूरतः ॥ तावदात्महितं कुर्य्यात्

जीव गर्भमा छँदै लेखिदियाका हुन्छ ॥ १ ॥ पुत्र मित्र बन्धु इ साधुछन दोख निबृत्त हुन्छन् जो तिनि हरूको सँग गर्दछन् तिन्का पुण्यले तिन्को कुल् सुकृति हुन्छ ॥ २ ॥ जस्तै माछा कछुवा इ पक्षी इनि हरु दर्शन ध्यान स्पर्शले मात्र बच्चा हरू लाइ सर्वदा पालन् गर्दछन् तेस्तै सज्जनको संगति हुन्छ ॥ ३ ॥ उहाँ सम्म शरीर निरोगीछ जहाँ सम्म मृत्यु दूरछ तावत पर्यन्त आफ्नू हित

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणांते किं करिष्यति ॥ ४ ॥ कामधेनु-
गुणा विद्या ह्यकाले फलदायिना ॥ प्रवासे
मातृसदृशी विद्या गुप्तं धनं स्मृतम् ॥५॥
एकोपि गुणवान् पुत्रो निर्गुणैश्च शतैर्वरः ॥
एकश्चन्द्रस्तमो हन्ति न च ताराः सह-
स्रशः ॥६॥ मूर्खश्चिरायुर्जातोऽपि तस्मा-
ज्जतमृतो वरः ॥ मृतस्तु चाल्पदुःखाय

पुण्यआदि गर्नु उचितछ प्राण अन्त्य भयापछि को
केकाज गर्नसक्छ ॥ ४ ॥ विद्यामा कामधेनुको
जस्तो गुणछ अकालमा पनो फल दिन्छ बिदेशमा
माता समान हुन्छ तसकारणले विद्या लाइ गुप्त धन
भन्दछन् ॥५॥ गुणवान् योटै पुत्र भये पनी हुन्छ
गुण रहित पुत्र सयकडोर भये पनी के गर्नु जस्मै
योटै चन्द्रमाले रात्री लाइ प्रकाश गर्दछन् तारा
सहश्रौं भये पनी हुन्न ॥ ६ ॥ मूर्ख पुत्र चिरजीवि

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

यावज्जीवं जडो दहेत् ॥ ७ ॥ कुग्रामवासः कुलहीनसेवा कुभोजनं क्रोधमुखी च भार्या ॥ पुत्रश्च मूर्खो विधवा च कन्या विनाग्निना षट् प्रदहन्ति कायम् ॥ ८ ॥ किन्तया क्रियते धेन्वा या न दोग्ध्री न गर्भिणी ॥ कोर्थः पुत्रेण जातेन यो न विद्वान्न भ-

---

भये भन्दा जन्मनै वित्तिकै मरेको वढिया किनभने मर्नाले थोरै दिन् दुःख हुन्छ तस्तै मुर्ख बाँच्यो भने बाँचुन्‌ ज्याल् दुःखदाई हुन्छ ॥ ७ ॥ कुग्राम को वासले नीच का चाकरी ले कुभोजन ले झगडिया स्त्री ले मुर्ख पुत्र ले विधवा कन्याले आगे न भये पनी शरीर लाई पोली रहन्छन् ॥ ८ ॥ जस्तै दुध पनी न दीने ब्याऊँदा पनी न ब्याउँने गाइ वाट क्यै लाभ छैन तस्तै पुत्र पनी नता विद्वान छ नता भक्तिमान्छ भने तेस्वाट क्यै लाभ हुन्न

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

क्तिमान् ॥ ९ ॥ संसारतापदग्धानां त्रयो विश्रामहेतवः ॥ अपत्यं च कलत्रं च सतां संगतिरेव च ॥ १० ॥ सकृज्जल्पन्ति राजानः सकृज्जपन्ति पंडिताः ॥ सकृत्कन्याः प्रदीयन्ते त्रीण्येतानि सकृत् सकृत् ॥ ११ ॥ एकाकिना तपो द्वाभ्यां पठनं गायनं त्रिभिः॥ चतुर्भिर्गमनं क्षेत्रं पचभि-

---

॥ ९ ॥ संसार का तापले जल्नलागेका पुरुष हरू लाइ विश्रामको निमित्त तीन्थोक छ छोरा स्वास्नी सज्जनको संगति ॥ १० ॥ राजाले एक पल्ट आज्ञा गर्दछन् पडित हरू एक पल्ट बोल्दछन् कन्यादान पनी एक पल्टमात्र हुन्छ इ तीन कुरा एक पल्ट देखि दुइ पल्ट हुँदैन ॥११॥ तप गर्दा एक्लै पठदा दुइजना गान् गर्दा तीनजना बाटो हिंड्दा चार जना खेती गर्दा पाँच जना लडाञी

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

बंहुभी रणम्॥१२॥ सा भार्या या शुचिर्दक्षा सा भार्या या पतिव्रता॥ सा भार्या या पतिप्रीता सा भार्या सत्यवादिनी॥१३॥अपुत्रस्य गृहं शून्यं दिशः शून्यास्त्वबान्धवाः॥ मूर्खस्य हृदयं शून्यं सर्वशून्या दरिद्रता ॥ १४ ॥ अनभ्यासे विषं शास्त्रमजीर्णे भोजनं विषम् ॥ दरिद्रस्य विषं गोष्ठी वृद्धस्य

गर्दा घेरैजना मिलेर गरे देखी निर्विघ्न पूर्वक सिद्ध हुन्छ ॥ १२ ॥ भार्या भन्नु तेसैलाइ हो जो पवित्र चतुर पतिव्रता जस्मा पतिको प्रीतिछ सत्य बोल्छे अर्थात् दान मान पालन् पोषण योग्यछ ॥ १३ ॥ जस्का छोरा छोरी छैनन् तेस्को घर शून्य दरिद्रता हुन्छ ॥ १४ ॥ बिना अभ्यासले शास्त्र विष हुन जान्छ न पच्नाले भोजन विष हुन्छ दरिद्रलाइ परिवार विष हुन्छ वृद्धलाइ युवती

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

तरुणी विषम् ॥१५॥ त्यजेद्धर्मं दयाहीनं विद्याहीनं गुरुं त्यजेत् ॥ त्यजेत्क्रोधमुखीम्भार्यां निःस्नेहान्बांधवांस्त्यजेत् ॥ १६ ॥ अध्वा जरा मनुष्याणां वाजिनां बन्धनं जरा ॥ अमैथुनं जरा स्त्रीणां वस्त्राणामातपो जरा । १७ ॥ कः कालः कानि मित्राणि को देशः कौ व्ययागमौ ॥ कस्याहं

विष जस्ती हुन्छ ॥ १५ ॥ दया रहित धर्म लाइ छोडि दिनु विद्या लाइ हीन गुरु लाइ त्यागगर्नु जस्को मुख देखी क्रोध प्रगट हुन्छ तेस्ता स्त्री लाइ फरक गर्नु प्रीति न भयाका बान्धवहरू लाइ पनी त्याग्नु बढिया हो ॥ १६ ॥ मनुष्य लाइ पथ वृद्धता हुन्छ घोड़ा लाइ बाँधि राखनु वृद्धता हो स्त्री हरुलाइ अमैथुन वृद्धता हुन्छ वस्त्र लाइ वृद्धता घाम हुन्छ ॥ १७ ॥ कुन बेला के गर्नु पर्ने हो मित्र को हो देशकुन् हो लाभ के छ व्ययके छ

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

का च मे शक्तिरिति चिंत्यं मुहुर्मुहुः॥१८॥
अग्निर्देवो द्विजातीनां मुनीनां हृदि दैव-
तम् ॥ प्रतिमा स्वल्पबुद्धीनां सर्वत्र
समदर्शिनः ॥ १९ ॥

पतिरेव गुरुः स्त्रीणां सर्वस्याभ्यागतो
गुरुः ॥ गुरुरग्निर्द्विजातीनां वर्णानां ब्रा-

तस्तै म कस्कोछु ममा के सामर्थ्य छ भंन्या बराबर
विचार्गर्दै गर्नु ॥ १८ ॥ ब्राह्मण क्षत्रिय वैश्य इनि
हरुका देवता अग्नि हुन् मुनिहरु का मनमा देवता
हुन्छन् अल्प बुद्धि हुनेलाइ मूर्ति र समदर्शि हरुलाई
सबै ठाउँला देवता छन् ॥ १९ ॥

॥ इति चतुर्थोऽध्यायः ॥

स्त्रिहरुको गुरु पति हो । अभ्यागत सबै को
गुरुहो ब्राह्मण क्षत्रीय वैश्य को गुरु अग्नि चारै

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

ह्मणो गुरुः ॥ १ ॥ यथा चतुर्भिः कनकं परीक्ष्यते संघर्षणच्छेदनतापताडनैः॥तथा चतुर्भिः पुरुषः परीक्ष्यते त्यागेन शीलेन गुणेन कर्मणा ॥२॥ तावद्भयाद्धि भेतव्यं यावद् भयमनागतम् ॥ आगतं तु भयं दृष्ट्वा प्रहर्तव्यमशंकया॥३॥एकोदरस-मुद्भूता एकनक्षत्रजातकाः ॥ न भवन्ति

वर्णको गुरू ब्राह्मण हुन् ॥१॥ घस्नु काटनु तताउनु पीटनु इ चार प्रकारले जस्तै सुनको परीक्षा हुन्छ तस्तै दान शील आचारले पुरुषको पनी परीक्षा गरिन्छ ॥ २ ॥ जैल्हे सम्म भय आइ पर्दैन तही सम्म मात्र भय देखी डराउनु आइ परेको भय लाइ देखे पछी जसरी हुन्छ तेस्लाई प्रहार गर्नु उचित छ ॥ ३ ॥ एकै गर्भवाट उत्पन्न यौटै नक्षत्रमा जायमान् शीलमा समान हुँदै न जस्तै बयरका

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

समाः शीले यथा बदरिकण्टकाः ॥ ४ ॥ निःस्पृहो नाधिकारी स्यान्नाकामी मण्डनप्रियः ॥ नाविदग्धः प्रियं ब्रूयात् स्पष्टवक्ता न वंचकः ॥ ५ ॥ मूर्खाणां पंडिता द्वेष्या अधनानां महाधनाः ॥ दुर्भगाणां च सुभगाः कुलटानां कुलांगनाः ॥६॥ आलस्योपहता विद्या परहस्ते गतं धनम् ॥

फल र काँढा ॥ ४ ॥ जस्लाई कुनै विषयको इच्छा होवैन त्यो पुरुष कुनै काम्मा पनी अघी सर्दैन जो कामी होवैन त्यो पुरुष शरीर को शोभा दिने वस्तु मा प्रीति राख्दैन जो चतुर हावैनत्यो पुरुष् प्रिय बोल्न सक्तैन स्पष्ट बोल्ने पुरुष छली हुंदैन ॥ ५ ॥ मूर्खले पण्डितलाई दरिद्राले धनी लाई व्यभिचारिणी स्त्रीले कुलीन स्त्रीलाई विधवा स्त्रीले ऐभाती लाई कैल्हे पनी सहन शक्तैनन् ॥६॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

अल्पबीजं हतं क्षेत्र हतं सैन्यमनायकम् ॥ ७ ॥ अभ्यासाद्धार्यते विद्या कुले शीलेन धार्यते ॥ गुणेन ज्ञायते त्वार्यः कोप नेत्रेण गम्यते ॥८॥ वित्तन रक्ष्यते धर्मो विद्या योगेन रक्ष्यते ॥ मृदुना रक्ष्यते भूपः सतास्त्रिया रक्ष्यते गृहम् ॥ ९ ॥ अन्यथा वेदपाण्डित्य शास्त्रमाचारमन्यथा॥ ।अन्यथा

आलस्यले विद्या आर्काका हातमा पर्नाले धन ब्यू न पुग्नाले खेती मालिक् न हुँनाले सेना हरू नष्ट हुन्छ ॥ ७॥ अभ्यासले विद्या सुशीलताले कुल गुणले भला आदमी नेत्र देख्नाले रिस् ज्ञान हुन्छ ॥ ८ ॥ धनले धर्म को यम नियम आदि योगले ज्ञानको मृदुताले राजा को असल स्त्रीले घर को रक्षा हुन्छ ॥ ९ ॥ वेद को पांडित्य लाई ब्यर्थ प्रकाश गर्नें शास्त्र र शास्त्रको आचारको

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

यद्वदन् शान्तं लोकाः क्लिश्यन्ति चान्यथा ॥१०॥ दारिद्र्यनाशनं दानं शील दुर्गतिनाशनं ॥ अज्ञाननाशिनी प्रज्ञा भावना भयनाशिनी ॥ ११ ॥ नास्ति कामसमो व्याधिर्नास्ति मोहसमो रिपुः ॥ नास्ति कोपसमो वन्हिर्नास्ति ज्ञानात्परं सुखम् ॥१२॥ जन्म मृत्युं हि यात्येको भुनक्त्ये-

---

विषयमा विवाद गर्ने शान्त पुरुषलाई अन्यथा भन्ने व्यर्थ क्लेश पाउँछ ॥१०॥ दानले दरिद्रता को नाश गर्छ सुशीलताले दुर्गतिलाई नाश गर्छ बुद्धिले अज्ञानलाई नाश गर्छ भक्तिले भयको नाश हुन्छ ॥ ११ ॥ काम समान रोग अरू क्यै छैन अज्ञान समान वैरी अरू क्यै छैन क्रोध तुल्य आगो अरू क्यै छैन ज्ञान भन्दा बढता सुख अरू क्यै छैन ॥ १२ ॥ यो निश्चयछ के भने एक्लै

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

कः शुभाशुभम् नरकेषु पतत्येक एको याति पराङ्गतिम् ॥१३॥ तृणं ब्रह्मविदः स्वर्गस्तृणं शूरस्य जीवितम् ॥ जिताक्षस्य तृणं नारी निस्पृहस्य तृणं जगत् ॥१४॥ विद्या मित्रं प्रवासेषु भार्या मित्रं गृहेषु च ॥ व्याधितस्यौषधं मित्रं धर्मो मित्रं मृतस्य च ॥ १५ ॥ वृथा वृष्टिः समुद्रेषु वृथा तृप्तेषु भोजनम् ॥ वृथा दानं

पुरुष जन्मन्छ एक्लै मर्छ एक्लै नर्कमा पर्छ एक्लै मोक्ष पाउँछ अर्थात् इ काममा कसैको सहायता क्वै गर्न सक्तैन ॥ १३ ॥ ब्रह्मज्ञानी लाई स्वर्ग शूरलाई जीवन इन्द्रिय जीत्ने लाइ स्त्री निस्पृह लाइ जगत् तृण बराबर छ ॥ १४ ॥ विदेशमा विद्या घर्मा भर्या रोगी लाई औषधि मरेका लाई धर्म मित्र हुन्छ ॥१५॥ समुद्रमा वर्षा वृथाछ भोजन ले तृप्तलाइ खाने कुरा निरर्थक दान्धनी लाइ दिनू

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

धनाढ्येषु वृथा दीपो दिवापि च ॥ १६ ॥
नास्ति मेघसमं तोयं नास्ति चात्मसमं बलं ॥ नास्ति चक्षुःसमं तेजो नास्ति चान्नसमं प्रियम् ॥ १७ ॥ अधना धनमिच्छन्ति वाचं चैव चतुष्पदः ॥ मानवाः स्वर्गमिच्छन्ति मोक्षमिच्छन्ति देवताः ॥१८॥ सत्येन धार्यते पृथ्वी सत्येन तप-

---

व्यर्थ दिन्मा दीप वृथा ॥ १६ ॥ परेको पानी समान अरू पानी हुन्न आफ्नु बल समान आर्को को बल् हुन्न किन भये समयमा आफ्नै बल काम् लाग्छ नेत्र तुल्य प्रकाश गर्ने अरू क्यै छैन अन्न बराबर प्यारो वस्तु क्यै छैन ॥ १७ ॥ जनहीन धन खोज्दछ पशु बोल्न खोज्द छ मनुष्य स्वर्ग खोज्द छ द्यौता हरू मुक्तिको इच्छा गर्छन् ॥१८॥ सत्यले पृथ्वी स्थिर छ सत्य लेनै सूर्य प्रकाश गर्द

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

ते रवि ॥ सत्येन वाति वायुश्च सर्वं सत्ये प्रतिष्ठितं ॥ १९ ॥ चला लक्ष्मीश्चलाःप्राणाश्चलं जीवितमन्दिरे ॥ चलाचले च संसार धर्म एको हि निश्चलः ॥ २० ॥ नराणां नापितो धूर्तः पक्षिणां चैव वायसः ॥ चतुष्पदां शृगालस्तु स्त्रीणां धूर्ता च मालिनी ॥ २१ ॥ जनिता चोपनीता च यस्तु विद्यां प्रयच्छति ॥ अन्नदाता भय-

---

छन् सत्यले नै वायु चल्दछ सबै सत्यमै नै स्थिर छ ॥१९॥ लक्ष्मी नित्य छैनन् प्राण जीवन् घर्कुनै स्थिर छैन केवल संसारमा धर्म मात्र निश्चल छ ॥ २० ॥ पुरुषा हरूमा नाउ चतुरो हुन्छ पक्षी हरू मा काग् चक्क हुन्छ पक्षी पशु हरूमा स्याल् चलाक् हुन्छ स्त्री हरूमा मालिनी धूर्त हुन्छे ॥ २१ ॥ जन्माउँने यज्ञोपवीतआदि संस्कार गरा-

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

भ्राता पञ्चैते पितरः स्मृताः ॥ २२ ॥
राजपत्नी गुरोः पत्नी मित्रपत्नी तथैव च ॥
पत्नीमाता स्वमाता च पञ्चैता मातरः
स्मृताः ॥ २३ ॥

श्रुत्वा धर्मं विजानाति श्रुत्वा त्यजति दुर्मतिम् ॥ श्रुत्वा ज्ञानमवाप्नोति श्रुत्वा मोक्षमवाप्नुयात्॥ १॥काकः पक्षिषु चाण्डा॰

उँने अन्नदात भय देखी रक्षागर्ने ईपाँच पिता कहलाउँछन् ॥ २ ॥ राजाकी भार्या गुरुकी पत्नी मित्रकी पत्नी सासु र आफु लाई जन्म दिने इ पाँच लाई माता भन्छन् ॥ २३ ॥

इति पंचमोऽध्यायः

मनुष्य शास्त्र लाईसुनेर धर्म जान्द छ सुनेर दुरबुद्धि लाई छोड्छ सुनेर ज्ञान पाउँ छ सुनेर मोक्ष पाउँछ ॥ १ ॥ पक्षी को बीचमा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

लः पशूनाञ्चैव कुक्कुरः ॥ पापो मुनीनां
चाण्डालः सर्वेषां चैव निंदकः ॥ २ ॥ भ-
स्मना शुद्ध्यते कांस्यं ताम्रमम्लेन शुद्-
ध्यति ॥ रजसा शुद्ध्यते नारी नदी वेगेन
शुद्ध्यति ॥ ३ ॥ भ्रमन् संपूज्यते राजा
भ्रमन् संपूज्यते द्विजः ॥ भ्रमन् संपूज्यते
योगी स्त्री भ्रमन्ती विनश्यति ॥ ४ ॥

काग् पशु का बीचमा कुक्कुर चाण्डाल् हुन्छ
मुनि हरुमा चांडाल पाप छ सबैमा चाँडाल
निंदक हुन्छ ॥ २ ॥ काँसका पात्र खरानीले माझे
पछी शुद्ध हुन्छ तामाको पात्र अमिलाले माझे शुद्ध
हुन्छ स्त्री हरू रजस्वला भये पछी शुद्ध हुन्छन्
नदी आफ्ना वेगले शुद्ध हुन्छन् ॥ ३ ॥
भ्रमणगर्नें राजा आदर पाउँछन् डुलदैरहने ब्राह्मण
पूजा पाउँछन् भ्रमण गरी रहने योगी को मान

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

यस्यार्थास्तस्य मित्राणि यस्यार्थास्तस्य बान्धवाः॥यस्यार्थाः स पुमाँल्लोके यस्यार्थाः स च पण्डितः ॥ ५ ॥ तादृशी जायते बुद्धिर्व्यवसायोऽपि तादृशः॥ सहायास्तादृशा एव यादृशी भवितव्यता ॥ ६ ॥ कालः पचति भूतानि कालः संहरते प्रजाः ॥ कालः सुप्तेषु जागर्ति कालो हि

हुन्छ परन्तु स्त्री हरु डुलनाले भ्रष्ट हुन्छन् ॥ ४ ॥ जस्को धन् हुन्छ उसैका मित्र हुन्छन् जस्का सम्पति छ उसैका बान्धव हुन्छन् जस्को धन्छ त्यै पुरुष पण्डित कहलाउँछ ॥ ५ ॥ जस्तो हुनु पर्छ उस्तै बुद्धिउपाय हुन्छ तस्तै सहायक पाइन्छ ॥६॥ कालसबै प्राणी हरुलाई खान्छ कालनै सबै प्रजाको नाश गर्छ सबै पदार्थ लय भये पछी काल जागै रहन्छ काल लाई कोही मार्न सक्तैन

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

दुरतिक्रमः ॥७॥ न पश्यति च जन्मान्धः कामान्धो नैव पश्यति ॥ मदोन्मत्ता न पश्यन्ति ह्यर्थी दोषान्न पश्यति ॥८॥ स्वयं कर्म करोत्यात्मा स्वयं तत्फलमश्नुते ॥ स्वयं भ्रमति संसारे स्वयं तस्माद्विमुच्यते ॥९॥ राजा राष्ट्रकृतं पापं राज्ञः पापं पुरोहितः ॥ भर्ता च स्त्रीकृतं पापं

॥७॥ जन्म देखि को अन्धो देख्दैन कामले जो अंधो भयाको छ त्यो पनी देख्दैन मदोन्मत्त कसैलाइ देख्दैन अर्थीदोष लाई देख्दैन ॥८॥ जीव आफै कर्म गर्छ तेस्को फल पनी आफैं भोग्दछ आफैं संसारमा घुम्द छ आफैं मुक्त पनी हुन्छ ॥९॥ आफ्ना राज्यमा भया को पाप राजाले भोग गर्नु राजाको पाप् प्रोहितले भोग्नु पर्छ स्त्री कृत पाप पतिले भोग्नु

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

शिष्यपापं गुरुस्तथा ॥ १० ॥ ऋणकर्ता पिता शत्रुर्माता च व्यभिचारिणी ॥ भार्या रूपवती शत्रुः पुत्रश्शत्रुरपंडितः ॥११॥ लुब्धमर्थेन गृह्णीयात्स्तब्धमंजलिकर्मणा॥ मूर्खं छंदानुवृत्त्या च यथार्थत्वेन पडितम् ॥ १२॥ वरं न राज्यं न कुराजराज्यं वरं न मित्रं न कुमित्रमित्रं ॥ वरं न

पर्छ तेस्तै शिष्यले गरेको पाप गुरुले भोग्नु पर्छ ॥ १० ॥ ऋण गराउने पिता व्यभिचारिणी माता राम्री स्त्री मूर्ख पुत्र वैरीसमान हुन्छन् ॥ ११ ॥ लोभी लाई धनलै अहंकारी लाई हात जोरेर मूर्ख लाई जे भन्छ हो भनेर पण्डित अर्थात् बुद्धिमान् लाई साँचो बोलेर बश गर्नु पर्छ ॥ १२ ॥ राज्य न रहेको बरू असल परन्तु कुराजाको राज्य रहेको न जाती मित्र न भयेको वरू जाती कुमित्र

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

न शिष्यो न कुशिष्यशिष्यो वरं न दारा न कुदारदारा ॥१३॥ कुराजराज्येन कुतः प्रजासुखं कुमित्रमित्रेण कुतोभिनिर्वृतिः॥ कुदारदारैश्च कुतो गृहे रतिः कुशिष्यमध्यापयतः कुतो यशः ॥ १४॥ सिंहादेकं बकादेकं शिक्षेच्चत्वारि कुक्कुटात् ॥ वायसात् पञ्च शिक्षेच्च षट् शुनस्त्रीणि गर्द-

---

भयेको न जाति वरू शिष्य न भयेको जाती निन्दित शिष्य भयेको नजाती तेस्तै कुमार्या भये भन्दा वरू न भयेको जाती ॥ १३ ॥ दुष्ट राजा को राज्यमा प्रजा लाई सुख कहाँ वाट हवस् । कुमित्र मित्रबाट आनन्द कसरी हून्छ दुष्ट स्त्रीले घर्मा प्रीति कसरो हवस् कुशिष्यलाई पढायापछि कीर्ति कहाँवाट हवस् अर्थात् हुन्न ॥ १४ ॥ सिंह देखिन् १ गुण वकुल्ला देखिन् १ गुण कुखुरा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

भात् ॥ १५ ॥ प्रभूतकार्यमल्पं वा यन्नरः कर्तुमिच्छति ॥ सर्वारंभेण तत्कार्यं सिंहादेकं प्रचक्षते ॥ १६ ॥ इन्द्रियाणि च संयम्य बकवत्पण्डितो नरः ॥ देशकालबलं ज्ञात्वा सर्वकार्याणि साधयेत् ॥ १७ ॥ प्रत्युत्थानं च युद्धे च संविभागं च बन्धुषु ॥ स्वयमाक्रम्य भोगं च शिक्षेच्चत्वारि

देखिन् ४ गुण कौवादेखिन् ५ गुण कुकुर देखि ६ गुण गदहादेखि ३ गुण सिक्नू पर्छ ॥ १५ ॥ कार्य सानुहोस् अथवा ठुलो हवस् तेस्लाई गर्दा मा सबै प्रकारको प्रयत्नले गर्नु पर्छ सो सिंहबाट सिक्नू ॥ १६ ॥ बिद्वान् पुरुषले इन्द्रियको संयम गरेर देश कालबल सबै विचारी गरी बकुल्लाकाफैं सबै काम साधोस् ॥ १७ ॥ उचितसमयमा जागनु रणमा सधैं तयारी रहनु बन्धू हरूलाइ उनिहरूको

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

कुक्कुटात् ॥ १८ ॥ गूढमैथुनचारित्वं
कालेकाले च संग्रहम् ॥ अप्रमत्तमविश्वासं
पञ्च शिक्षेच्च वायसात ॥ १९ ॥ बह्वाशी
स्वल्पसन्तुष्टः सुनिद्रो लघुचेतन ॥ स्वा-
मिभक्तश्च शूरश्च षडेते श्वानतो गुणाः
॥ २० ॥ सुश्रांतोऽपि वहेद्भारं शीतोष्णं
च न पश्यति ॥ सन्तुष्टश्चरते नित्यं

भाग् दिनु आफुले जितेर खानु ४ गुण कुखुराको
सिखनु ॥१८॥ लुकेरं मैथुनगर्नु समय समयमा बटुल्नु
सावधान रहनु संधै मत्त भयेर न रहनु कसैको
विश्वास न गर्नु इ ५ गुण कागका सिखनु ॥१९॥
धेरैं खान सकने भयेपनी थोरैं खायेर सन्तुष्ट रहनु
अत्यन्त निद्रा भये पनी झटपट जागनु स्वामीको
भक्ति र शुरांजि इ ६ गुण कुकुरको सिक्नु ॥२०॥
अत्यन्त थाकेपनी भारी बोक्न न छोड्नू जाडो

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

त्रीणि शिक्षेच्च गर्दभात् ॥२१॥ य एतान् विंशतिगुणानाचरिष्यति मानवः॥कार्यावस्थासु सर्वासु अजेयः स भविष्यति॥२२॥

अर्थनाशं मनस्तापं गृहिणीचरितानि च ॥ नीचवाक्यं चापमानं मतिमान्न प्रकाशयेत् ॥ १ ॥ धनधान्यप्रयोगेषु विद्यासंग्रहणेषु च ॥ आहारे व्यवहारे च

गर्मिको विचार न गर्नु सन्तुष्ट भयेर डुल्नु ३ गुण गदहाको सिखनु ॥ २१ ॥ जो मनुष्य इ २० गुण लाई लेला त्यो सधैं सर्वकार्यमा विजयी होला॥२२॥

॥ इति षष्ठोऽध्यायः ॥

धनको नाश मनको ताप आफ्नी स्त्री को चरित्र नीचको बचन र अपमानलाई बुद्धिमानले प्रकाश गर्नु छैन ॥ १ ॥ अन्न र धनको व्यापार गर्दामा विद्या संग्रह गर्दामा आहार व्यवहारमा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

त्यक्तलज्जः सुखी भवेत् ॥ २ ॥ सन्तो षामृततृप्तानां यत्सुखं शान्तिरेव च ॥ न च तद्धनलुब्धानामितश्चेतश्च धावतां॥३॥ संतोषस्त्रिषु कर्तव्यः स्वदारे भोजने धने ॥ त्रिषु चैव न कर्तव्योऽध्ययन जपदानयो ॥४॥ विप्रयोर्विप्रवन्ह्योश्च दंपत्योः स्वा मिभृत्ययोः॥ अन्तरेण न गन्तव्यं हलस्य

जो पुरुष लज्जा त्याग गर्ला त्यो सुखी होला ॥२॥ सन्तोष रूप अमृतले जो जन तृप्तहुन्छन् तिन्लाई जो शान्तिसुख हुन्छ सो जो धनका लोभी छ येता उता घुम्दै गर्दछन् तिनलाई हुँदैन ॥३॥ आफ्नी स्त्री भोजन धन इ ३ कुरामा सन्तोष गर्नु पढनु जपनु दान दिनु इ कुरामा सन्तोष भनेको कैल्है न गर्नु ॥४॥ दुइ ब्राह्मणका माझ बाट ब्राह्मण र अग्निका माझ बाट स्त्री र पुरुषको माझबाट मालिक

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

वृषभस्य च ॥ ५ ॥ पादाभ्यां न स्पृशे-
दग्निं गुरुं ब्राह्मणमेव च ॥ नैव गां न
कुमारीं च न वृद्धं न शिशु तथा ॥ ६ ॥
शकटं पञ्चहस्तेन दशहस्तेन वाजिनम् ॥
हस्तिनं तु सहस्रेण देशत्यागेन दुर्जनम्
॥ ७ ॥ हस्ती अङ्कुशमात्रेण वाजी
हस्तेन ताड्यते ॥ शृंगी लगुडहस्तेन ख-
ड्गहस्तेन दुर्जनः ॥ ८ ॥ तुष्यन्ति भो-

र चाकरका माझ बाट हलोर गोरूका माझ बाट कैल्हे न हिंडनु ॥५॥ अग्नि गुरु ब्राह्मण गाई कुमारी वृद्ध र बालख यती लाई गोडाले न छुनु ॥ ६ ॥ वग्गिलाइ पांच हातमा घोडालाई दशहातमा हात्ति लाई हजार हात् टाढा छोडेर बस्नू दुर्जनलाई देशै त्याग गरेर छोड्नु ॥ ७ ॥ हात्ती अंकुशले घोडा हातले दण्ड पाउँछन् सिङ् भयाका पशु लट्ठीले

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

जने विप्रा मयूरा घनगर्जिते ॥ साधवः परसंपत्तौ खलाः परविपत्तिषु ॥ ९ ॥ अनुलोमेन बलिनं प्रतिलोमेन दुर्जनम् ॥ आत्मतुल्यबलं शत्रुं विनयेन बलेन वा ॥१०॥ बाहुवीर्यबलं राज्ञो ब्राह्मणो ब्रह्मविद् बली ॥ रूपयौवनमाधुर्यं स्त्रीणां बल-

---

दुर्जन तरवारले दण्ड पाउँछन् ॥ ८ ॥ भोजनको समय ब्राह्मण मेघले गर्जन गरेमा मयूर आर्कालाई संपति प्राप्त हुँदामा साधु आर्कालाई बिपत्ति पर्दा मा दुर्जन सन्तुष्ट हुन्छन् ॥ ९ ॥ बलवान् बैरी भये उसैले भने जस्तो गरेर बसगराउँनु त्यो यदि दुर्जन छ भने उस्ले भनेको उल्टो गरेर वसमा ल्याउनु बलमा आफु समान शत्रु भये विनयले अथवा बलले जीतोस् ॥१०॥ राजा लाई वाहु बीर्य बल छ ब्राह्मण ब्राह्मवादी र वेद पाठी बलियो हुन्छ

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

मनुत्तमम् ॥ ११ ॥ नात्यन्तसरलैर्भाव्यं
गत्वा पश्य वनस्थलीम् ॥ छिद्यन्ते सरला-
स्तत्र कुब्जास्तिष्ठन्ति पादपाः ॥ १२ ॥
यत्रोदकं तत्र वसन्ति हंसास्तथैव शुष्कं
परिवर्जयन्ति॥न हंसतुल्येन नरेण भाव्यं
पुनस्त्यजन्तः पुनराश्रयन्तः ॥ १३ ॥
उपार्जितानां वित्तानां त्याग एव हि रक्ष-

स्त्री लाई सुन्दरता तरुणता मधुरता अति उत्तम
बलछ ॥ ११ ॥ अत्यन्त सोझो स्वभाव गर्नु छैन
किन भने वनमा गयेर हेर सोझा वृक्ष काटिन्छन
बांगा बृक्ष उभिई रहेका हुन्छन् ॥ १२ ॥ जहाँ
पानी हुन्छ उन्हीं हंस बस्दछन् फेरी तेस्तै सुकेका
तलाऊलाई पनी त्याग गर्दछन् मनुष्यले हंस जस्तो
चञ्चल हुँनु हुँदैन ॥ १३ ॥ साँचेको धनलाई खर्च
मर्दै गरे रक्षा हुन्छ जस्तै कूँवा देखि पानी जता

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

णाम् ॥ तडागोदरसंस्थानां परिस्रव इवां-
भसाम् ॥१४॥ यस्यार्थस्तस्य मित्राणि
यस्यार्थस्तस्य बान्धवाः ॥ यस्यार्थः स
पुमाँल्लोके यस्यार्थः स च जीवति ॥१५॥
स्वर्गस्थितानामिह जीवलोके चत्वारि
चिन्हानि वसन्ति देहे ॥ दानप्रसंगो मधुरा
च वाणी देवार्चनं ब्राह्मणतर्पणंच ॥१६॥

झीक्यो उती हुँदै रहन्छ ॥ १४ ॥ जो सित
धन हुन्छ उसैका मित्र हुन्छन् जो सीत अर्थ हुन्छ
उसैका बन्धू हुन्छन् जस्को धन छ उही पुरुष
गनिन्छ जस्का अर्थ हुन्छ उही बाँचेको छ ॥१५॥
संसारमा आयाको मनुष्यमा स्वर्गवाट आउँदा
शरीरमो ४ चिन्ह हुन्छन् दानको स्वभाव मीठोवचन
देवताका पूजा ब्राह्मण लाइ तृप्त गन अर्थात्
जस्मा दान आदि लक्षण हुन्छन् तिनी हरू

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यन्तकोपः कटुका च वाणी दारिद्रता च स्वजनेषु वैरं ॥ नीचप्रसंगः कुलहीन-सेवा चिन्हानि देहे नरकास्थितानां ॥१७॥
गम्यते यदि मृगेन्द्रमन्दिरं लभ्यते करि-कपोलमौक्तिकम् ॥ जंबुकालयगते च प्रा-प्यते वत्सपुच्छखरचर्मखण्डनम् ॥ १८ ॥

लाई आफ्ना पुण्यका प्रभावले स्वर्ग बासी मृत्युलोकमा अवतार लियेका रहेछन् भनो जान्नु ॥ १६ ॥ अत्यन्त क्रोध कटु वचन दरिद्रता आपस्तमा वैर नीचको संसग कुलहीन का सेवा ई चिन्ह नरकवासो हरूका शरीरौंशमाहुन्छन् ॥१७॥ यदि सिंहका गुफा मा कोही पुगो गयो भने तेस्लाई हात्तिका कपोलको मोती हात लाग्छ स्याल का स्थानमा गयो भने बाछाको पुच्छर गदाहाको छालाको टुक्रा हात लाग्छ ॥ १८ ॥ कुक्कुरकों

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

शुनः पुच्छमिव व्यर्थं जीवितं विद्यया विना ॥ न गुह्यगोपने शक्तं न च दंशनिवारणे ॥१९॥ वाचां शौचं च मनसः शौचमिन्द्रियनिग्रहः ॥ सर्वभूतदया शौचमेतच्छौचं परार्थिनाम् ॥ २० ॥ पुष्पे गंधं तिले तैलं काष्ठे वन्हिः पयो घृतम् ॥ इक्षौ गुडं तथा देहे पश्यात्मानं विवेकतः ॥२१॥

पूछर जस्तो विद्या विना बाच्नु व्यर्थ छ कुक्कुरको पूछर नता गोप्य इन्द्रियलाई ढाक्छ नता माखा आदिजीव लघाउछ ॥ १९ ॥ बचनको शुद्धि मनको शुद्धि इन्द्रियको वश जीव हरुमा दया र पवित्रता ई उपकारी पुरुषका शुद्धि हुन ॥ २० ॥ फुलमा गन्ध तिलमा तेल काठमा आगो दुधमा घ्यू उखुमा गुड जस्तो छ तस्तै देहमा आत्मा लाई विचार गरेर हेरे ॥ २१ ॥

इति सप्तमोऽध्यायः

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

अधमा धनमिच्छन्ति धनं मानं च मध्यमाः ॥ उत्तमा मानमिच्छंति मानो हि महतां धनम् ॥ १ ॥ इक्षुरापः पयो मूलं ताम्बूलं फलमौषधम् । भक्षयित्वापि कर्तव्याः स्नानदानादिकाः क्रियाः ॥२॥ दीपो भक्षयते ध्वान्तं कज्जलं च प्रसूयते ॥ यदन्नं भक्ष्यते नित्यं जायते तादृशी प्रजा

जो अधम छन् ती धनैमात्र खोज्छन् जो मध्यम छन् ती धन पनी खोज्छं मान पनि खोज्छं जो उत्तमछं ती मान मात्र खोज्दछन् किन भने महात्मा हरूको धन मानैहो ॥ १ ॥ उखु पानी दुध मूल पान फल औषधी ई वस्तु खाय पाछ पनी स्नान दान आदि कृया गर्नु हुन्छ यस्मा क्यै दोष छैन ॥ २ ॥ बत्ती अन्धकार लाई खान्छ गाजल लाई जन्माउँछ जस्तो अन्न सदा खान्छ

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ३ ॥ वित्तं देहि गुणान्वितेषु मतिम-
न्नान्यत्र देहि क्वचित् प्राप्तं वारिनिधेर्जलं
घनमुखे माधुर्ययुक्तं सदा ॥ जीवन् स्था-
वरजंगमांश्च सकलान्संजीव्य भूमंडलं
भूयः पश्य तदेव कोटिगुणितं गच्छेत्त-
मंभोनिधिम् ॥४॥ चाण्डालानां सहस्रैश्च
संमितस्तत्त्वदर्शिभिः ॥ एको हि यवनः
प्रोक्तो न नीचो यवनात्परः ॥५॥ तैला-

तेस्का तेस्तै सन्तति हुन्छन् ॥ ३ ॥ हे मतिमान्
गुणी हरू लाई धन द्यौ अरु हरू लाई कैल्है न
द्यौ समुद्र देखिन् मेघका मुखमा प्राप्त भये र जल
सदा मधुर हुन्छ पृथ्वीमा सबै चर अचर जोव
हरू लाई जिलायेर फेरी हेर तेही जल कोटि
गुण भयेर उही समुद्रमा जान्छ ॥ ४ ॥ तत्वदर्शी
हरूलं भनेका छन के भने सहस्र चाण्डाल तुल्य
एक यवन हुन्छ यवन भन्दा नीच कोही

Kirtikant Sharma Collection, Najafgarh.

CC-0. In Public Domain. Digitization by eGangotri

भ्यंगे चिताधूमे मैथुने क्षौरकर्मणि ॥ तावद् भवति चाण्डालो यावत्स्नानं समाचरेत् ॥ ६ ॥ अजीर्णे भेषजं वारि जीर्णे वारि बलप्रदम् ॥ भोजने चामृतं वारि भोजनांते विषप्रदम् ॥ ७॥ हतं ज्ञानं क्रियाहीन हतश्चाज्ञानतो नरः॥ हतं निर्णायकं सैन्यं स्त्रियो नष्टा ह्यभर्तृकाः ॥ ८ ॥

छैन ॥ ५ ॥ तेल लायेमा चितका धुवां लागेमा स्त्री-प्रसंग गरेमा केशमुण्डन गरेमा त्यो मनुष्य स्नान न गरे सम्म चांडाल समान को हुन्छ ॥६॥ अपच भयेमा पानी ओषधी छ पचि सके पछि पानो वल दिन्छ भोजन्का समय पानी अमृत समानछ भोजनको अंत्यमा विषको फल दिन्छ ॥७॥ क्रिया विना ज्ञान व्यर्थ छ अज्ञान ले मनुष्य नासिन्छ सेनापति बिना सेना मारिन्छ स्वामी

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

वृद्धकाले मृता भार्या बंधुहस्ते गतं धनम् ॥
भोजनं च पराधीनं तिस्रः पुंसां विडंबनाः
॥ ९ ॥ अग्निहोत्रं विना वेदा न च दानं
विना क्रिया ॥ न भावेन विना सिद्धिस्त-
स्माद्भावो हि कारणम् ॥ १० ॥ काष्ठपा-
षाणधातूनां कृत्वा भावेन सेवनम् ॥ श्र
द्धया च तथा सिद्धिस्तस्य विष्णोः प्रसा-

हीन स्त्री नष्ट हुन्छन् ॥ वृद्धवय मा मरेकी स्त्री बन्धु को हातमा गयेको धन आर्काको अधी-नमा खानु ई तीन पुरुषका विडम्बना हुन् अर्थात् दुःखदायक हुन्छन् ॥ ९ ॥ अग्नि होत्र विना वेद पढनु व्यर्थ हुन्छ दान विना यज्ञ आदि क्रिया हुनसक्तैन भावना विना केही सिद्ध हुन्न येसै कारण ले प्रेम सबैको कारण छ ॥१०॥ काठ ढूँगा र माटाका मूर्तिमा ध्यौता छैनन् आफ्नु

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

दत्तः ॥ ११ ॥ न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ॥ भावे हि विद्यते देवस्तस्माद्भावो हि कारणम् ॥ १२ ॥ शान्तितुल्यं तपो नास्ति न सन्तोषात् परं सुखं ॥ न तृष्णायाः परो व्याधिर्न च धर्मो दयापरः ॥ १३ ॥ क्रोधो वैवस्वतो राजा तृष्णा वैतरणी नदी ॥ विद्या कामदुघा धे-

---

भक्ति मात्र छ तेस् अर्थ सबै को कारण भक्तिहो ॥ ११ ॥ देवता नता काठमा छन् न पत्थर्मा छन् न माटाका मूर्तिमाछन् निश्चय देवता भावना मा छन् तसथ सबको कारण भक्तिनैछ ॥ १२ ॥ शान्ती समान आर्को तप छैन संतोष समान् आर्कों सुख छैन तृष्णा समान आर्को व्याधी छैन दया समान आर्कों धर्म छैन ॥ १३ ॥ क्रोध यमराज तृष्णा वैतरणी नदी विद्या कामधेनुगाई

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

नुः सन्तोषो नन्दनं वनम् ॥ १४ ॥ गुणो भूषयते रूपं शीलं भूषयते कुलं ॥ सिद्धि-भूषयते विद्या भोगो भूषयते धनं ॥१५॥ निर्गुणस्य हतं रूपं दुःशीलस्य हतं कुलं ॥ असिद्धस्य हता विद्या अभोगेन हतं धनं ॥ १६ ॥ शुद्धं भूमिगतं तोयं शुद्धा नारी पतिव्रता ॥ शुचिः क्षेमकरो राजा संतुष्टो

सन्तोष इन्द्रको बघैचा छ ॥१४॥ गुणले रूपलाई भूषित गर्दछ शीलले कुल लाइ अलंकृत गर्दछ सिद्धिले विद्यालाई भूषित गर्दछ भोगले धनलाई भूषित गर्दछ ॥ १५ ॥ निर्गुण को सुन्दरता व्यर्थ छ शील हीनका कुल निन्दित हुंछ सिद्धि विना विद्या व्यर्थ हुन्छ भोगविना धन व्यर्थ हुन्छ ॥१६॥ भूमीगत अर्थात् भजीमा परेको पानी पवित्र हुन्छ पतिव्रता स्त्री पवित्र हुंछ कल्याण गर्ने राजा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणः शुचिः ॥ १७ ॥ असन्तुष्टा द्विजा नष्टाः संतुष्टाश्च महीभृतः ॥ सलज्जा गणिका नष्टा निर्लज्जाश्च कुलांगनाः ॥ १८ ॥ किं कुलेन विशालेन विद्याहीनेन देहिनम् ॥ दुष्कुलं चापि विदुषो देवैरपि सुपूज्यते ॥ १९ ॥ विद्वान् प्रशस्यते लोके विद्वान् सर्वत्र गौरवम् ॥ विद्यया ल-

---

पवित्र कहलाउँछ ब्राह्मण संतोषी शुद्ध हुन्छ ॥ १७॥ असन्तोषी ब्राह्मण निन्दित हुन्छन् तस्तै सन्तोषी राजा लज्जा भयका वेश्या निर्लज्ज कुलस्त्री हरू पनि निन्दित हुन्छन् ॥ १८ ॥ विद्याहीन छ भने बडो कुलका भये पनि मनुष्यलाई बेकाम् छ विद्वान् छ भने नीच कुलक भये पनि देवता हरू बाट पूजा पाउँछ ॥ १९ ॥ संसारमा विद्वान् मात्र प्रशंसित हुन्छ विद्वान् सब् ठाउँमा आदर पाउँछ

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

भ्यते सर्वं विद्या सर्वत्र पूज्यते ॥ २० ॥
रूपयौवनसंपन्ना विशालकुलसंभवाः ॥
विद्याहीना न शोभन्ते निर्गन्धा इव किं
शुकाः ॥ २१ ॥ मांसभक्षैः सुरापानैर्मूर्खै
श्चाक्षरवर्जितैः ॥ पशुभिः पुरुषाकारैर्भा
राक्रांतास्ति मेदिनी ॥ २२ ॥ अन्नहीनो
दहेद्राष्ट्रं मंत्रहीनश्च ऋत्विजः ॥ यजमानं

विद्वोले सबै पाइन्छ विद्याने सबै ठाउँमा पूजीन्छ
॥ २० ॥ सुन्दरता तरुणता वडा कुलमा उत्पन्न
भये पनी विद्याहीन सुहाउँदैन जस्तै विना गन्ध
को फूल ॥ २१ ॥ मांस भक्षण गर्ने मदिरा
पान गर्ने न पढेको मूर्ख पुरुषाकार ई पशुहरू का
भारले पृथ्वी पीडित हुन्छिन् ॥२२॥ अन्नहीन
भये राज्य नाश हुन्छ मन्त्रहीनछ भने ऋत्वि-
ज हरू लाई दान होन भयो भने यजमान

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

दानहीनो नास्ति यज्ञसमो रिपुः ॥२३॥

मुक्तिमिच्छसि चेत्तात विषयान्विषव-त्त्यज ॥ क्षमार्जवदयाशौचं सत्यं पीयूषव-त्पिब ॥ १ ॥ परस्परस्य मर्माणि ये भाष-न्ते नराधमाः ॥ त एव विलयं यान्ति वल्मीकादरसर्पवत् ॥ २ ॥ गंधः सुवर्णे

लाई जलाउँछ तसर्थ यज्ञ समान् कोही शत्रु पनी छैन ॥ २३ ॥ अष्टमो

॥ इति षष्ठोऽध्यायः ॥

हे भाई यदि मुक्ति खोज्छौ भने विषयलाई विष समान छोडीदेउ सहनशीलता सरलता दया पवित्रता सत्य लाई अमृत झैं पानगर ॥ १ ॥ जो नराधम परस्पर अन्तरात्मा लाई मर्म पर्ने बचन बोल्दछन् ती निश्चय नष्ट हुन्छन् जस्तै धमिरा को गुडमा परेको सर्प नष्ट हुन्छ ॥ २ ॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

फलमिक्षुदण्डे नाकं विपुष्पं खलु चंदनं च ॥
विद्वान् धनी भूपतिदीर्घजीवी धातुः पुरा
कोऽपि न बुद्धिदोऽभूत् ॥ ३ ॥ सर्वौषधी-
नाममृतप्रधानं सर्वेषु सौख्येष्वशनं प्रधा-
नम् ॥ सर्वेन्द्रियाणां नयनं प्रधानं सर्वेषु गा-
त्रेषु शिरः प्रधानम् ॥४॥ दूतो न संचर-
ति खे न चलेच्च वार्ता पूर्वं न जल्पित-

सुवर्णमा गन्ध उखुमा फल् चन्दनमा फूल विद्वान्
धनी राजा चीरजीवी तुल्यायनन् यसै कारण क
निश्चय हुन्छ भय विधाता लाइ पल्ल बुद्धिदाता
काहि रहनछन् ॥ ३ ॥ सब औषधिमा गुर्जो
प्रधान छ सबै सुखमा भोजन श्रेष्ठछ सब इन्द्रिय
हरुमा आँखा उत्तम् छन् सबै अङ्गमा शिर श्रेष्ठ
छ ॥ ४ ॥ आकाशमा नता डुल्न सक्छ न बाता
को चर्चा हुनसक्छ न पैल्हि देखी कसैले भनेका

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

मिदं न च संगमोऽस्ति ॥ व्योम्नि स्थितं रवि शशिग्रहणं प्रशस्तं जानाति यो द्विज-वरः स कथं न विद्वान् ॥५॥ विद्यार्थी सेवकः पान्थः क्षुधार्तो भयकातरः ॥ भंडारी प्रति-हारश्च सप्त सुप्तान्प्रबोधयेत् ॥६॥ अहिं नृपं च शार्दूलं किटिं च बालकं तथा ॥ परश्वानं च मूर्खञ्च सप्त सुप्तान्न बोधयेत्

छ न कसैसीत भेट हुन्छ यस्तो आकाशमा रहने भयाका चन्द्र सूर्यको ग्रहण लाई स्पष्ट जान्ने भया का जो वर (ब्राह्मण) छन् तिनिलाइ विद्वान ह्वैनन् कसरी भन्ने ॥ ५ ॥ विद्यार्थि सेवक पर्देशी भोकले पाडित भयेका भयले कातर भये को भंडारी द्वारपाल ई ७ जना यदि सुतेका भये देखी उठाई दिनु ॥ ६ ॥ सर्प भयो राजा भयो बाघ भयो बाह्लो भयो बालख भयो आर्काको कुक्कुर भयो मूर्ख भयो ई ७ यदि सुतेका छन्

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ७ ॥ अर्थाधीताश्च यैर्वेदास्तथा शूद्रान्न-
भोजनः ॥ ते द्विजाः किं करिष्यन्ति नि
र्विषा इव पन्नगाः ॥ ८ ॥ यस्मिन् रुष्टे
भयं नास्ति तुष्टे नैव धनागमः ॥ निग्रहो
ऽनुग्रहो नास्ति स रुष्टः किं करिष्यति ॥ ९ ॥
निर्विषेणापि सर्पेण कर्त्तव्या महती फ-
णा ॥ विषमस्तु न चाप्यस्तु घटाटोपो भ-

भने न उठाउँनु ॥ ७ ॥ जस्तै धन कमाउना
निमित्त वेद पढछन् तेस्तै जो शूद्रको अन्न खान्छन्
तीब्राह्मण विना बिषका सप समान् के गन सक्तछन्
॥ ८ ॥ जो रीसाउँदामा न क्यै कुराको डहुन्छ न
खुसि भये धन मिल्छ दंड वा अनुग्रह हुनसक्छ
त्यो रिसायेर के गर्छ ॥ ९ ॥

॥ इति सप्तमोऽध्यायः ॥ ७ ॥

विष न भयेका सर्पले आफ्नु फणा उठाउनु
पर्छ किन भने विषहवस् अथवा न हवस् तर

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

यंकरः ॥ ३ ॥ प्रातर्द्यूतप्रसंगेन मध्यान्हे स्त्रीप्रसंगतः ॥ रात्रौ चौरप्रसंगेन कालो ग-

(आडम्बर) ढाँचा डरलाग्दो हुन्छ ॥१॥ प्रातःकाल मा जुवारे हरूका कथाले अर्थात् महाभारतले मध्यान्हमा स्त्री प्रसंगले अर्थात् रामायणले रात्रीमा चौरका वार्ताले अर्थात् भागवतका वार्ताले बुद्धिमान् हरूको समय बित्छ ॥ तात्पर्य के हो भने महाभारत सुन्नाले यो निश्चय हुन्छ के भने जूवा कलह औ छलका घर हो इहलोक गर्ने काम लाई महाभारत मा लेखियाका रीतले गर्दा मा ती कामको पूरा फल मिल्छ यसै कारणले बुद्धिमान हरू प्रातःकालमा मात्र महाभारत सुन्दछन् र दिनभरी त्यै रीतले काम गर्छन् रामायण सुने यो स्पष्ट देखिन्छ के भने स्त्री का वश हुनाले अत्यन्त दुःख हुन्छ परस्त्री मा दृष्टि दिनाले पुत्र कलत्र जदमूल समेत पुरुष

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

च्छांति धामताम् ॥ २ ॥ स्वहस्तग्राथिता माला स्वहस्तघृष्टचन्दनम् ॥ स्वहस्तले-

---

को नाश हुँदो रहेछ यस्कारणले भला आदमि हरु मध्यान्हमा रामायण सुनछन् प्रायःरात्रिमा सब इन्द्रियका वश मा पर्दछन् और इन्द्रियको स्वभाव के छ भने मनलाई आफ्ना विषयमा लीयेर जीवलाई विषयमा लगाई दिन्छ यसै कारणले इन्द्रियलाइ आत्मत्वहारी पनी भन्दछन् जो जन रात्रिमा भागवत सुन्दछन् तिमि हरू कृष्णका चरित्रलाई (स्मरणगरेर) सम्भेर इन्द्रिय वशमा पर्दैनन् किनभने मोन्ह हज्जार भन्दा अधिक स्त्री हरू छँदैमा पनी श्रीकृष्णचन्द्र आनन्द कन्द बनमाला धारी इन्द्रियको वशमा भयेनन् और इन्द्रियको संयमको रीत पनी जान्दछन् ॥ २ ॥ आफ्ना हातले उँनेका माला आफ्ना हात ले घोटेको चन्दन आफ्ना हातले लेखेको स्तोत्र

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

खितं स्तोत्रं शक्रस्यापि श्रियं हरेत् ॥३॥ इक्षुदंडास्तिलाः शूद्राः कांता हेम च मेदिनी ॥ चन्दनं दधि ताम्बूलं मर्दनं गुणवर्द्धनम् ॥ ४ ॥ दरिद्रता धीरतया विराजते कुवस्त्रता शुभ्रतया विराजते ॥ कदन्नता चोष्णतया विराजते कुरूपती शीलयुता विराजते ॥ ५ ॥

इनि हरूले इन्द्रको पनी लक्ष्मी हर्दछन् ॥ ३ ॥ उखु तील शूद्र (कान्ता) प्यारी सुन पृथ्वो चन्दन दहो पान् ई कस्ता पदार्थछन् भने इन्को मर्दन गुण वर्धन छ ॥४॥ दरिद्रता पनी धीरताले सुहाउँछ स्वच्छताले कुवस्त्र पनी सुन्दर देखिन्छ कुअन्न पनी उष्णताले मीठो हुन्छ कुरूपना पनी सुशीलताछ भने सुहाउँछ ॥ ५ ॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरार्द्ध प्रारम्भ !

धनहीनो न हीनश्च धनिकः स सुनिश्चयः ॥ विद्यारत्नेन यो हीनः स हीनः सर्ववस्तुषु ॥ १ ॥ दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं पिबेत् जलम् ॥ शास्त्रपूतं वदेद्वाक्यं मनः पूत समाचेरत् ॥ २ ॥ सुखार्थी चेत्त्यजेद्विद्यां विद्यार्थी चेत्त्यजेत् सुखं ॥

धन हीन लाई हीन भनीदैन निश्चयछ के भने धनीनैछ त पनी विद्या रत्नले जो हीन छ त्यो सवै वस्तुमा हीन छ ॥ १ ॥ नयनले हेरेर पाइला सार्नु उचित छ तेस्तै वस्त्रले शुद्धगरेर अर्थात् छानेर पानी खानु शास्त्रले शुद्ध गरेर बोलनु मन्ले विचार गरेर कार्यगर्नु ॥२॥ यदिसुख खोजने भये विद्या लाई छोडनु यदि विद्या खोज

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

सुखार्थिनः कुतो विद्या सुखं विद्यार्थिनः कुतः ॥ ३ ॥ कवयः किं न पश्यन्ति किं न कुर्वन्ति योषितः ॥ मद्यपाः किं न जल्पन्ति किं न खादन्ति वायसाः ॥ ४ ॥ रंकं करोति राजानं राजानं रंकमेव च ॥ धनिनं निर्धनं चैव निर्धनं धनिनं विधिः ॥ ५ ॥ लुब्धानां याचकः शत्रुर्मू-

---

न भये सुख लाई त्यागनु सुखार्थिलाई विद्या कसरी हवस् बिद्यार्थी लाई सुख कसरी हवस् ॥ ३ ॥ कबि के कुरा देखतैनन् स्त्री केकुरा गर्न सक्तैनन् मद्यपान गर्नें केकुरा भंदैनन् काग केकुरा खाँदैन अर्थात् यो स्वाभाविक छ ॥ ४ ॥ यो निश्चय छ कि प्रारब्धले आँट्यो भने (रंक) जोगी लाई राजा राजा लाई जोगो धनी लाई निर्धन निर्धन लाई धनी गराई दिन्छ ॥ ५ ॥ लाभि

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

खांणां बोधको रिपुः जारस्त्रीणां पतिः शत्रुश्चौराणां चन्द्रमा रिपुः ॥ ६ ॥ येषां न विद्या न तपो न दानं न चापि शील न गुणो न धर्मः ॥ ते मृत्युलोके भुवि भारभूता मनुष्यरूपेण मृगाश्चरंति ॥७॥ अंतःसारविहीनानामुपदेशो न जायते ॥ मलयाचलसंसर्गान्न वेणुश्चंदनायते ॥८॥

को (याचक) मागने वैरि हुन्छ मूर्खको अर्ति दिने शत्रु हुन्छ जार स्त्री को पति शत्रु हुन्छ चोरको चन्द्रमा शत्रु हुन्छन् ॥ ६ ॥ जो मनुष्य हरू लाई नता विद्या छ न तप छ न दान छ न शील छ न गुण छन् न धर्म छ ती संसारमा पृथ्वी को भाररूपी भयेर मनुष्य रूपले मृग भ्रमण गर्दछन् ॥ ७ ॥ गंभीरता बिहीन पुरूषहरूलाई शिक्षा दिनु स्वार्थ हुँदैन जस्तो मलयाचलका सँगले बाँस चन्दन हुँदैन ॥ ८ ॥ जस्लाई स्वाभावि-

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

यस्य नास्ति स्वयं प्रज्ञा शास्त्र तस्य करोति किं ॥ लोचनाभ्यां विहीनस्य दर्पणः किं करिष्यति ॥ ९ ॥ दुर्जनं सज्जनं कर्तु मुपायो न हि भूतले ॥ अपानं शतधा धौतं न श्रेष्ठामन्द्रिय भवेत ॥१०॥ आ-प्तद्वेषात भवेन्मृत्युः परद्वेषाद्धनक्षयः ॥ राजद्वेषाद्भवेन्नाशो ब्रह्मद्वेषात्कुलक्षयः ॥ ११ ॥ वरं वने व्याघ्रगजेन्द्रसेविते

क बुद्धि छैन तेस्को शास्त्र के गर्न सक्छ नेत्र हीनलाई ऐना के गर्छ ॥ ९ ॥ दुर्जनलाइ सज्जन गर्नो निमित्त पृथ्वीतलमा केही उपाय छैन मल त्याग गर्ने इन्द्रिय लाई सय पल्ट पनी धोइयोस् तै पनी श्रेष्ठ इन्द्रिय हुन्न ॥ १० ॥ बडाको द्वेष गर्नाले मृत्यु हुन्छ राजा शत्रुसंग विरोध गर्नाले धनक्षय हुन्छ राजा को द्वेष गर्नाले नाश हुन्छ ब्राह्मणको द्वेष गर्बाले कुलको क्षय हुन्छ ॥ ११ ॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

द्रुमालये पत्रफलांबुसेवनम् ॥ तृणेषु शय्या शतजीर्णवल्कलं न बन्धुमध्ये धनहीन-जीवनम् ॥ १२ ॥ विप्रो वृक्षस्तस्य मूलं च सध्या बेदाः शाखा धर्मकर्माणि पत्रम् ॥ तस्मान्मूलं यत्नतो रक्षणीयं छिन्ने मूले नैव शाखा न पत्रम् । १३ ॥ माता च

बनमा बाघ औ बडाबडा हात्ति हरूले गरिकन सेवित भयेका वृक्षमनी पात फल खानु वा पानी खानु घासमा सुतनु सय टुकराका बोका लाउनु यो श्रेष्ठ छ बन्धु हरूका मध्यमा धन हीन भयेर बाच्नु श्रेष्ठ छैन ॥ १२ ॥ ब्राह्मण वृक्ष हो येस्को जरा संध्या हो वेद शाखा हुन् धर्म पात हुन् यस निमित्त प्रयत्न गरेर जरा को रक्षा गर्नु पर्छ जरै काटिये पछी नत हाँगा रहन्छन् न पात नरहन्छ ॥१३॥ जस्को लक्ष्मी माता छन् विष्णु

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

कमला देवी पिता देवो जनार्दनः ॥ बान्धवा विष्णुभक्ताश्च स्वदेशो भुवनत्रयम् ॥ १५ ॥ एकवृक्षसमारूढा नानावर्णा विहंगमाः ॥ प्रभाते दिक्षु दशसु का तत्र परिदेवना ॥ १५ ॥ बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेश्च कुतो बलम् ॥ वने सिंहो मदोन्मत्तो शशकेन निपातितः ॥१६॥ का चिंता मम जीवने यदि हरिर्विश्वंभरो गीयते

भगवान् पिताछन् विष्णुका भक्त हरु नै बान्धव छन् तेस्लाई तीन लोक स्वदेशे छ ॥ १४ ॥ नाना प्रकारका पक्षी हरु यौटा वृक्षमा वास बस्द छन् प्रभात समय ती सबै १० दिशा हुँन जान्छन् तेस्मा के विस्मात छ ॥ १५ ॥ जस्लाई बुद्धि छ उसै लाइ बलछ निर्बुद्ध लाइ बल कहाँवाट होला हेर वन्मा मदले उन्मत्त सिंह खोगडावाट मारियो ॥ १६ ॥ मैले बाँच्नामा के चिन्ताछ यदि हरि

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

नोचेदर्भकजीवनाय जननीस्तन्यं कथं निःस्सरेत्॥ इत्यालोच्य मुहुर्मुहुर्यदुपते लक्ष्मीपते केवलं त्वत्पादाम्बुजसेवनेन सततं कालो मया नीयते ॥ १७ ॥ गीर्वाणवाणीषु विशिष्टबुद्धिस्तथापि भाषान्तरलोलुपोऽहम् ॥ यथा सुराणाममृते च सेविते स्वर्गाङ्गनानामधरासवे रुचिः ॥ १८ ॥

विश्व जगत्को रक्षागर्ने छन् भने येस्तो न भये देखी बच्चाले बाच्ना निमित्त माताका स्तनमा दूध कसरी बनाउँथे यस्लाई बारम्बार बिचारि हे यदुपते हे लक्ष्मीपते । सदा केवल हजुरका चरण कमलका सेवाले म समय लाई बिताउँछु ॥ १७ ॥ यद्यपि संस्कृत भाषामा विशेष ज्ञान छ तथापि अरू भाषाको पनी म लोभी छु जस्तै अमृत छँदा छँदै पनी देवता हरूको इच्छा स्वर्गका स्त्री हरूका ओठको स्वादमा हुन्छ ॥ १८ ॥ चाँवल्

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

अन्नाद्दशगुणं पिष्टं पिष्टाद्दशगुणं पयः ॥ पयसोऽष्टगुणं मांसं मांसाद्दशगुणं घृतम् ॥ १९ ॥ शाकेन रोगा वर्धन्ते पयसा वर्धते तनुः ॥ घृतेन वर्धते वीर्यं मांसान्मांसं प्रवर्धते ॥ २० ॥

दातृत्वं प्रियवक्तृत्वं धीरत्वमुचितज्ञता ॥ अभ्यासेनैव लभ्यन्ते चत्वारः सह

भन्दा दशगुण पीठामा छ पीठा भन्दा दशगुण दुधमा छ दुध भन्दा आठगुण मासुमा मासु भन्दा दशगुण घ्युमा ॥ १९ ॥ सागले रोग बढ्द छ दुधले शरीर बढ्दछ घ्यूले वीर्य बढ्दछ मासुले मासु बढ्दछ ॥ २० ॥

॥ इति दशमोऽध्यायः ॥

उदारता प्रिय बोलनु धीरता उचितको ज्ञान ई अभ्यासले पाइन्छन् ई चार स्वाभाविक गुण

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

जा गुणाः ॥ १ ॥ आत्मवर्गं परित्यज्य परवर्गं समाश्रयेत् ॥ स्वयमेव लयं याति यथा राज्यमधर्मतः ॥ २ ॥ हस्ती स्थूल-तनुः स चांकुशवशः किं हस्तिमात्रोऽङ्कुशो दीपे प्रज्वलिते प्रणश्यति तमः किन्दीप मात्रन्तमः ॥ वज्रेणापि हताः पतन्ति गिरय किं वज्रमात्रं नगास्तेजो यस्य

छन ॥ १ ॥ जो आफ्ना मंडली लाई छोडेर पर वर्णको आश्रय गर्छ त्यो आफैं लय हुन्छ जस्तै राजाको अधर्मले राज्य नाश हुन्छ ॥ २ ॥ हाति को (स्थूल) ठुलो शरीर छ त्यो पनी अंकुशका वसमा रहन्छ भनेर के हातिकै समान अंकुश हो बत्ती बल्ने पछी अन्धकार आफैं नष्ट हुन्छ भनेर के दीपतुल्य (तम) अन्धकार हो बज्र पर्नाले पर्वत लडछन् भनेर बज्र र पर्वत एकै हो जस्मा तेज

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

विराजते स बलवान् स्थूलेषु कः प्रत्ययः ॥ ३ ॥ कलौ दशसहस्राणि हरिस्त्यजति मेदिनीम् तदर्द्धं जान्हवीतोयं तदर्द्धं ग्रामदेवताः ॥ ४ ॥ गृहासक्तस्य नोविद्या नो दया मांसभोजिनः ॥ द्रव्यलुब्धस्य नो सत्य स्त्रैणस्य न पवित्रता ॥ ५ ॥ न दुर्जनः साधुदशामुपैति बहुप्रकारैरपि शि-

विराजमान रहन्छ सो बलवान्‌मा दरिन्छ मोटो वा-ठुलोको के विश्वासछ ॥ ३ ॥ कलियुगमा दश हजार वर्ष वितेपछी विष्णु पृथ्वीलाई छोड्दछन् तेस्को आधामा गङ्गाजी जललाई छोड्छिन् तेस्को आधा वितेपछी ग्रामदेवता ग्रामलाई छोड्छन् ॥४॥ गृहमा आसक्त पुरुषलाई विद्या हुंदैन मांस को आहारीलाई दया हुँदैन द्रव्यलोभीलाई सत्यता हुँदैन व्यभिचारीलाई पवित्रता हुँदैन ॥ ५ ॥ यो निश्चय छ के भने दुर्जन अनेक प्रकारले सिखाइ

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

क्ष्यमाणः ॥ आमूलसिक्तः पयसा घृतेन न निम्बवृक्षो मधुरत्वमेति ॥ ६ ॥ अन्तर्गतमलो दुष्टस्तीर्थस्नानशतैरपि ॥ न शुध्यति यथा भाण्डं सुराया दाहितञ्च यत् ॥ ७ ॥ न वेत्ति यो यस्य गुणप्रकर्षं स तं सदा निन्दति नात्र चित्रम् ॥ यथा किराती करिकुंभलब्धां मुक्तां परित्यज्य

योस् तर तेस्मा साधुता आउँदैन जरादेखी घ्यू र दूधले पालन् गरे पनी परन्तु नीमको रुख सींचयास् तेस्मा मधुरता आउँदैन ॥ ६ ॥ जस्का हृदयमा पाप छ त्यो दुष्ट हो त्यो तीर्थमा सयपल्ट स्नान गरे पनी शुद्ध हुंदैन जस्तै मदिराको भाँडो पोलियै पनी शुद्ध हुँदैन ॥ ७ ॥ जो जस्को गुणको प्रकर्षता जान्दैन त्यो निरन्तर तेस्को निन्दा गर्दछ जस्तै भिल्लिनी हरु हात्तिको मस्तक

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

बिभर्ति गुञ्जाम् ॥८॥ ये तु संवत्सरं पूर्णं नित्यं॥ मौनेन भुञ्जते। युगकोटिसहस्रांतः स्वर्गलोके महीयते ॥९॥ कामक्रोधौ तथा लोभं स्वदुश्शृङ्गारकौतुके ॥ अतिनिद्रातिसेवे च विद्यार्थी ह्यष्ट वर्जयेत् ॥ १० ॥ अकृष्टफलमूलानि वनवासरतः सदा ॥ कुरुतेऽहरहः श्राद्धमृषिविप्रः स उच्यते

को मोतिलाई छोडेर रातीगेडी लाउछन् ॥ ८ ॥ जो वर्षभरि नित्य चुपलागेर भोजन गर्दछ त्यो सहस्र कोटियुग सम्म स्वर्गलोकमा पूजिन्छ ॥९॥ काम क्रोध लोम मीठो वस्तु शृङ्गार अति निद्रा अति सेवा इ सबैलाई विद्यार्थीले छोडुन् ॥१०॥ कैल्हे पनी न जोतियेको भूमि देखि उत्पन्न फल वा मूललाइ खायेर सदा बनवास गर्नें हउन् प्रतिदिनं श्राद्धगरून् यस्ता ब्राह्मण ऋषि कह-

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥११॥ एकाहारेण संतुष्टः षट्कर्मनिरतः सदा ॥ ऋतुतालाभिगामी च स विप्रो द्विज उच्यते ॥१२॥ लौकिके कर्मणि र-तः पशूनां परिपालकः ॥ वाणिज्यकृषिक-र्मा यः स विप्रो वैश्यै उच्यते ॥ १३ ॥ लाक्षादितैलनीलानां कौसुंभमधुसर्पिषां ॥ विक्रेता मद्यमांसानां स विप्रः शूद्र उच्यते

लाउँछन् ॥ ११ ॥ एक समयका भोजनले सन्तुष्ट रहेर पढनु पढाउँनु यज्ञगर्नु गराउँनु दान् दिनु दान लिनु ६ कर्ममा सदा रतहवस् ऋतुकालमा स्त्रीको संग गरे भने यस्ता ब्राह्मणलाई द्विज भन्दछन् ॥१२॥ संसारिक काममा रतहवस् पशु हरुको पालन वेपार खेती गर्नें ब्राह्मण वैश्य कहलाउँ छ ॥ १३ ॥ लाहाआदि पदार्थ तेल नार पिताम्बर मह घ्यू मद्य मांस बेच्चने ब्राह्मण शूद्र

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥ १४ ॥ परकार्यविहन्ता च दांभिकः स्वार्थसाधकः ॥ छली द्वेषी मृदुः क्रूरो विप्रो मार्जार उच्यते ॥ १५ ॥ वापीकूपतडागानामारामसुरवेश्मनाम् ॥ उच्छेदने निराशंकः स विप्रो म्लेच्छ उच्यते ॥ १६ ॥ देवद्रव्यं गुरुद्रव्यं परदाराभिमर्शनम् ॥ निर्वाहः सर्वभूतेषु विप्रश्चांडाल

कहलाउँ छ ॥ १४ ॥ आर्काको काम बिगार्ने दम्भी आफ्नै अर्थ मात्र साधने छली द्वेषी बाहार भने मृदु अन्तःकरणमा क्रूर छ भने त्यो ब्राह्मण बिरालो कहलाउँछ ॥१५॥ इनार कुँवा (बाटका) वधैंचा देवल इनिहरूलाई तोड्नमा जो क्यै मान्दैन त्यो ब्राह्मण म्लेच्छ कहलाउँछ ॥ १६ ॥ द्यौताको द्रव्य गुरूको द्रव्य जो हर्दछ जो परस्त्री सित सङ्गर्दछ जो प्राणीहरूमा निर्वाह गर्छ अर्थात

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

उच्यते ॥१७॥ देय भोज्यधनं धनं सुकृतिभिर्नो संचयस्तस्य वै श्रीकर्णस्य बलेश्च विक्रमपतेरद्यापि कीर्तिः स्थिता॥ अस्माकं मधुदानभोगरहितं नष्टं चिरात्सञ्चितं निर्वाणादितिनैजपादयुगलं घर्षंत्यहो मक्षिकाः ॥ १८ ॥

मासु खान्छ त्यो विप्र चांडाल कहलाउँ छ ॥१७॥ सुकृतिहरूले केगर्नु भने भोग योग्य धन द्रव्य भन्दा बढता भयेका दिदै गरून् न साँचनु कर्ण बलि विक्रमादित्य ई राजाहरूको कीर्ति अझसम्म वर्तमान छ दान भोगले रहित घेरदिन देखी सञ्चित हामीहरूको मधु नष्ट भयो निश्चय छ कि भौरिहरू मधु नाश हुँनाले दुवै पाउ लाई डस्तछन् ॥ १८ ॥

इति एकादशोऽध्यायः ॥ ११ ॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

सानन्दं सदनं सुतास्तु सुधियः कांता प्रियालापिनी इच्छापूर्तिधनं स्वयोषितिरतिः स्वाज्ञापराःसेवकाः ॥ आतिथ्यं शिवपूजनं प्रतिदिनं मिष्टान्नपानं गृहे साधोः संगमुपासनं च सततं धन्यो गृहस्थाश्रमः ॥१॥
आर्तेषु विप्रेषु दयान्वितश्च यच्छ्रद्धया स्वल्पमुपैति दानम् ॥ अनंतपारं समुपैति

यदि आनन्दयुत घर पाइयोस् छोरा पण्डित हउन् स्त्री मधुरभाषिणी हवस् इच्छानुसार धन हवस् आफ्ना स्त्री सँग मात्र रति हवस् आज्ञा पालक सेवक मिलुन् अतिथीको सेवा शिवको पूजा हुंदै रहोस् प्रतिदिन घरमा मीठा अन्न पनी पाइयोस् सर्वदा साधुको सँग र उपासना हवस् यो सबै छ भने गृहस्थाश्रम धन्य छ ॥ १ ॥ जो दयावान् पुरुष (आर्त्त) गरीब ब्राह्मणहरू लाई श्रद्धाले थोरै पनी दान दिन्छ त्यो पुरुष लाई

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

राजन् यद्दीयते तन्न भवेद्विजेभ्यः ॥ २ ॥
दाक्षिण्यं स्वजने दया परजने शाठ्यं
सदा दुर्जने प्रीतिः साधुजने स्मयो खल
जने विद्वज्जने चार्जवम् ॥ शौर्यं शत्रुजने
क्षमा गुरुजने नारीजने धूर्तता इत्थं ये
पुरुषाः कलासु कुशलाः स्वेष्वेव लोकास्थि
तिः ॥ ३ ॥ हस्तौ दानविवर्जितौ श्रुति-

(अनन्त) कैयेक खण्ड बढता भयेर त्यो मिल्छ
जो दिइन्छ त्यो ब्राह्मणहरू देखिन्पाइन्न ॥ २ ॥
आफ्ना जनमा दक्षता, अरु जनमा दया, सदा
दुर्जनमा धृष्टता, साधु जनमा प्रीति खलमा अभि-
मान विद्वान् हरूमा सरलता शत्रु जनमा शूरता
बडाआदमि हरूका बिषयमा क्षमा स्त्रीसीत काम
पर्दामा धूर्तता यस प्रकारले जो जनहरू कलामा
कुशल हुन्छन् तिन हरूमा लोकको मर्यादा
रहन्छ ॥ ३ ॥ हात दान रहित छन् कानले बेद

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पुटौ सारस्वतद्रोहिणौ नेत्रे साधुविलोकने न राहिते पादौ न तीर्थं गतौ ॥ अन्यायार्जितवित्तपूर्णमुदरं गर्वेण तुङ्गं शिरो रे रे जंबुक मुञ्च मुञ्च सहसा नीचं सुनिंद्यं वपुः॥४॥ येषा श्रीमद्यशोदासुतपदकमले नास्ति भक्तिर्नराणां येषामाभीरकन्याप्रियगुणकथने नानुरक्ता रसज्ञा॥ येषां श्रीकृष्णलीलाल

शास्त्र सुनेका छैन नेत्रले साधुका दर्शन गरेको छैन पाउले तीर्थ गरेको छैन अन्याय ले बटुलेको धनले (उदर) पेट भरेका छ शेखिल ऊँचासिर गरेको छ हे स्याल् येस्तो नीच निन्द्यशरीर लाई (शीघ्र) चाँडै छोड् ॥ ४ ॥ श्रीयसोदासुतका पद-कमलमा जस्को भक्ति रहँदैन जस्को जिभ्रा ले गोपकन्याहरु को प्रियका अर्थात् कृष्णका गुणका गानमा प्रीति राखदैन श्रीकृष्णजीका

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

लितरसकथासादरौ नैव कर्णौ धिक्तान् धिक्तान् धिगेतान् कथयति सततं कीर्तनस्थो मृदंगः ॥५॥ पत्रं नैव यदा करीरविटपे दोषो वसन्तस्य किं नोलूकोऽप्यवलोकते यदि दिवा सूर्यस्य किं दूषणम् ॥ वर्षा नैव पतन्ति चातमुखे मेघस्य किं दूषणं यत्पूर्वं विधिना ललाटलिखितं तन्मार्जितु

लीला को ललित कथाको आदर जस्को कानले गर्दैनन् तिनिहरू लाई धिक्कारछ तिनैहरू लाई धिक्कार छ भनी मृदंगले सदा भन्दछ ॥ ५ ॥ यदि करोलका वृक्षमा पात हुँदैन भनेर तेस्मा वसन्तको के अपराध छ यदि लाटोकोसेरो ले दिनमा देख्दैन भनेर सूर्यको के दोष छ (चातकपक्षि) काका कुलका मुखमा पानी पर्दैन भनेर मेघको के अपराध छ पैल्हे बिधिले ललाट मा जे लेखदियाको छ तेस्लाइ मेट्न कस्को

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

कः क्षमः ॥ ६ ॥ सत्संगाद् भवति हि साधुता खलानां साधूनां न हि खलसंगतः खलत्वं ॥ आमोदं कुसुमभवं मृदेव धत्ते मृद्गन्धं न हि कुसुमानि धारयन्ति ॥ ७ ॥ साधूनां दर्शनं पुण्यं तीर्थभूता हि साधवः ॥ कालेन फलते तीर्थं सद्यः साधुसमागमः ॥८॥ प्रियास्मिन्नगरे

सामर्थ छ ॥ ६ ॥ यो निश्चय छ असलका संगले दुर्जन हरूमा साधुता होइ हाल्छ परन्तु साधुहरूमा दुष्टहरूका संगातले असाधुता आउँदैन फूल को गन्धलाई माटाले लिन्छ माटाको गन्ध लाई फूल कैल्हे धारण गर्न सक्तैन ॥ ७ ॥ साधु हरूको दर्शन पुण्य छ किनभने साधु तीर्थ रूप हुन्न समयले तीर्थ फल दिन्छ साधु हरूको सँग शीघ्रनै काम गरीदिन्छ ॥ ८ ॥ हे प्रिय !

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

महान् कथय कस्मालद्रुमाणां गणः को दाता रजको ददाति वसनं प्रातर्गृहीत्वा निशि ॥ को दक्षः परवित्तदारहरणे सर्वोऽपि दक्षो जनः कस्माज्जीवसि हे सखे विषक्रिमिन्यायेन जीवाम्यहम् ॥६॥ न विप्रपादोदककर्दमानि न वेदशास्त्रध्वनिगर्जितानि ॥ स्वाहास्वधाकारविवर्जितानि श्म-

---

येस् नगरमा को वडो छ तारका रूख को समुदाय को दाता छ धोवी प्रातः कालमा वस्त्र लिन्छ रात्रिमा दिइहाल्छ चतुर को छ आर्काको धन हरण गनमा सबै कुशलछन् कसरी बाँच्दछौ हे मित्र ! विषको कीरा विषमा ज्युँदछ ॥ ६ ॥ जस् घरमा ब्राह्मण का पाउँको जलले हीलो भये को छन वेद शास्त्रको शब्दको गर्जना और जो गृह स्वाहा स्वधाले रहितछ तेसंलाई श्मशानको स-

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

शानतुल्यानि गृहाणि तानि ॥ १० ॥
सत्य माता पिता ज्ञानं धर्मो भ्राता दया
सखा ॥ शान्तिः पत्नी क्षमा पुत्रः षडेते
मम बान्धवाः ॥११॥ अनित्यानि शरी-
राणि विभवो नैव शाश्वतः ॥ नित्यं स-
न्निहितो मृत्युः कर्तव्यो धर्मसंग्रहः ॥१२॥

मान जान्नु पर्छ ॥ १० ॥ सत्य मेरी माता छन् ज्ञान पिता धर्म मेरा भाई छन् दया मित्र शांति मेरी स्त्री छ क्षमा पुत्र इनी छ मेरा बन्धु छन् ॥ ॥ ११ ॥ कोहो संसारी पुरुषले ज्ञानिलाई देखेर चकित भै सोधेछ संसारमा माता पिता भाई मित्र स्त्री पुत्र इनि हरू जती जतो हउन् उति सन्सारमा आनन्द हुन्छ तिमिलाई परम आनन्द मा देख्छु भने तिमिलाई पत्नी कहिंन कहिं कोहि न कोहि तिनिहरुमा होला ॥ यो कुरा सुनि ज्ञानीले के ठान्यो भने जुन् दशालाई देखेर योचकित छ त्यो

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

निमन्त्रणोत्सवा विप्रा गावो नवतृणोत्सवाः ॥ पत्युत्सववती नारी अहं कृष्ण रणोत्सवः ॥ १३ ॥ मातृवत्परदारांश्च परद्रव्याणि लोष्ठवत् ॥ आत्मवत्सर्वभूतानि यः पश्यति स पश्यति ॥ १४ ॥ धर्मे तत्परता मुखे मधुरता दान समु-

---

दशा के शरीरका कुटुम्ब हरुले हुनसक्छ अतएव जस्देखी म लाई परम आनन्द हुन्छ उनैहरूलाई यो सित भन्नु पर्‍यो कदाचित् यो पनी इनीहरू लाई स्वीकार गरी हालोस ॥१२॥ शरीर अनित्य विभव पनी सदा रहँदैन मृत्यु सदा निकटमै रहन्छ यसै कारण धर्मको संग्रह गर्नु पर्छ ॥ १३ ॥ निमन्त्रण ब्राह्मण हरूको उत्सव नवीन घांस गाइको स्त्रीको उत्सव पति हुँछ हेकृष्ण ! मलाई रण उत्सव छ ॥ १४ ॥ आफ्नो को स्त्री लाई माता समान

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

त्साहता मित्र निश्छलता गुरौ विनयता चित्तेऽतिगम्भीरता ॥ आचारे शुचिता गुणे रसिकता शास्त्रेषु विज्ञातृता रूपे सुन्दरता शिव भजनता त्वय्यस्ति भो राघव ॥ १५ ॥ काष्ठं कल्पतरुः सुमेरुर-चलश्चिन्तामणिः प्रस्तरः सूर्यस्तीव्रकरः शशी क्षयकरः क्षारो हि वारां निधिः ॥

आर्काको धनलाई डल्ला समान आफै समान सबैप्राणीहरू जो देख्दछ सोही देखदछ ॥ धममातत्प-रता मुखमा मधुरता दानमा उत्साह मित्रका विषय मा निश्छलता गुरु सँग नम्रता अन्तःकरणमा गंभीरता आचारमा पवित्रता गुणमा रसिकता शास्त्र हरूमा विशेषज्ञान रूपमा सुन्दरता र शिवजिको भक्ति हे राघव ! यो तपाञिमै छ ॥ १५ ॥ कल्प वृक्ष काठ छ सुमेरु अचल छ चिन्तामणि पत्थर रहेछ सूर्यको किरण अत्यन्त उष्ण छ चन्द्रमा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

कामो नष्टतनुर्बलिर्दितिसुतो नित्यं पशुः
कामगौर्नैतांस्त तुलयामि भो रघुपते
कस्योपमा दीयते ॥ १६ ॥ विद्या मित्रं
प्रवासे च भर्या मित्रं गृहेषु च ॥
व्याधितस्यौषधं मित्रं धर्मो मित्रं मृतस्य
च ॥ १७ ॥ विनयं राजपुत्रेभ्यः पण्डिते
भ्यः सुभाषितम् । अनृतं द्यूतकारेभ्यः

क्षीण हुन्छन् समुद्र खारो छ कामदेव का शरीर छैन बलि दैत्यहो कामधेनु सदा पशुनै छन् यसै कारणले हजुरसंग इनिहरु को उपमा दिन सकिन्न हे रघुपते ! फेरी हजुरलाई कसको उपमा दिनु ? ॥ १६ ॥ प्रवासमा बिद्या हित गर्छ घरमा स्त्री मित्र छ रोगले ग्रस्त पुरुषको हित औषधी हुँछ धर्म मरे पछी उपकार गर्दछ ॥ १७ ॥ शुशीलता राजाको छोराहरु सित प्रिय वचन पंडितहरु सित असत्य

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

स्त्रीभ्यः शिक्षेत कैतवम् ॥ १८ ॥ अना-
लोक्य व्ययं कर्ता अनर्थकलहाप्रियः ॥
आतुरः सर्वक्षेत्रेषु नरः शीघ्रं विनश्यति
॥ १९ ॥ नाहारं चिन्तयेत्प्राज्ञो धर्ममेकं
हिचिन्तयेत् ॥ आहारो हि मनुष्याणां
जन्मना सह जायते ॥ २० ॥ धनधान्य-
प्रयोगेषु विद्यासंग्रहणे तथा ॥ आहारे

जुवारी हरू सित छल स्त्री हरू सित सीखनू पर्छ ॥
॥१८॥ बिचार न गरीकन व्यय खर्चगर्ने आफ्ना
क्वै न भये पछी पनी कलहमा प्रीतिराख्ने सर्व
जातका स्त्री हरूमा भोगका निमित्त व्याकुल हुने
पुरुष शीघ्रनै नष्ट हुन्छ ॥१९॥ पण्डितलाई आहार
को चिन्ता गर्नु पर्दैन धर्म लाई निश्चय पूर्वक
विचार गर्नुपर्छ किनभने आहार मनुष्यलाई जन्मदे
खेरी उत्पन्न हुन्छ ॥२०॥ धन धान्यको व्यवहार
गर्दामा विद्यापढनु पढाउनमा आहार अथात्

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहारे च त्यक्तलज्जः सुखी भवेत् ॥२१॥
जलबिन्दुनिपातेन क्रमशः पूर्यते घटः ॥
स हेतुः सर्वविद्यानां धर्मस्य च धनस्य
च ॥२२॥ वयसः परिणामऽपि यः खलः
खल एव सः ॥ संपक्वमपि माधुर्यं नोप-
यातीन्द्रवारुणम् ॥ २३ ॥
मूहूर्तमपि जीवेच्च नरः शुक्लेन कर्म-

स्थानमा राजाका सभामा कसै सित विवाद गर्नमा
लज्जालाई जो छोडला त्यो सुखी होला ॥ २१ ॥
क्रमैले जलको एक एक बुँद चुहुनाले घडा भरिन्छ
विद्या धर्म धनको पनी यही कारण छ ॥२२॥जस्तै
उमेर पुगेपनी जो खलदुष्ट छ त्यो खल रहन्छ
अत्यन्त पाके पनी तितो फल गुलियो हुन्न ॥२३॥
॥ इति द्वादशोऽध्यायः ॥
उत्तम कर्मले मनुष्यलाई मुहूर्त भरिको ज्युनू

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

णा ॥ न कल्पमपि कष्टेन लोकद्वयविरोधिना ॥ १ ॥ गतं शोको न कर्तव्यो भाविष्यं नैव चिन्तयेत् वर्तमानेन कालेन प्रवर्तन्ते विचक्षणाः ॥ २ ॥ स्वभावेन हि तुष्यन्ति देवाः सत्पुरुषाः पिता ॥ ज्ञातयः स्नानपानाभ्यां वाक्यदानेन पण्डितः ॥ ३ ॥ आयुः कर्म च वित्तं च विद्या निधनमेव च ॥ पञ्चैतानि च सृज्यन्ते

पनी श्रेष्ठछ दुवैलोकको विरोध दुष्टकर्मले कल्पभरिको पनी ज्युनू उत्तम छैन ॥१॥ गै सकेका बस्तुको शोक गर्नु छैन पछी के होला भन्ने चिन्ता पनी नगर्नु ज्ञान्ने मान्छे जे पर्छ उस्तै ब्यहोर छ ॥ २ ॥ देवता सत्पुरुष पिता इ स्वभावले सन्तुष्ट हुन्छन्तर बन्धुस्नान और पानले सन्तुष्ट हुन्छ पण्डित प्रिय बचनले ॥३॥ आयुर्दा काम धन विद्या मरण इ ५ थोक जस वेलामा जीव गर्भमा रहन्छ उसै वेलामा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

गर्भस्थस्यैव देहिनः ॥ ४ ॥ अहो बत विचित्राणि चरितानि महात्मनाम् ॥ लक्ष्मीं तृणायमन्यन्ते तद्भारेण नमन्ति च ॥५॥ यस्य स्नेहो भयं तस्य स्नेहो दुःखस्य भाजनम् ॥ स्नेहमूलानि दुःखानि तानि त्यक्त्वा वसेत् सुखम् ॥६॥ अनागतविधाता च प्रत्युत्पन्नमतिस्तथा ॥

सिरजना गरिन्छ ॥४॥ महात्माहरूको चरित्र बडा आश्चर्यको छ लक्ष्मीलाई तृण समान मान्दछन् यदि पाइहाले भने पनी तेस्का भारले नम्र हुन्छन् ॥ ५ ॥ जस्को कसै सीत प्रीतिहुन्छ उसैलाइं भय हुन्छ स्नेहनै दुःखको भाजनछ तेस् निमित्त तेस् लाई छोडेर सुखी हुँनु पर्छ ॥६॥ आउने दुःखभन्दा पैल्हेनै उपायगर्नें और जस्को बुद्धिमा विपत्तिआई परेपछि पनी चाँडैन उपाय पनी आई पुग्छ इ दुवै सुखले बढदछन् जोभाग्यवशले बेहोर्नपर्छ अवश्य

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

द्वावेतौ सुखमेधेते यद्भविष्यो विनश्यति ॥ ७ ॥ राज्ञि धर्मिणि धर्मिष्ठाः पापे पापाः समे समाः ॥ राजानमनुवर्तन्ते यथा राजा तथा प्रजाः ॥ ८ ॥ जीवन्तं मृतवन्मन्ये देहिनं धर्मवर्जितम् ॥ मृतो धर्मेण संयुक्तो दीर्घजीवी न संशयः ॥ ९ ॥ धर्मार्थकाममोक्षाणां यस्य कोऽपि न विद्यते ॥ अजाग-

---

हुन्यै छ भन्ने ठान्दछ त्यो नष्ट हुन्छ ॥ ७ ॥ यदि धर्मात्मा राजा भये प्रजा पनी धर्मिष्ठ हुन्छन् यदि पापी भयो भने पापी सम भयो भने सम सब प्रजा राजाकै अनुसार चल्दछन् जस्तै राजा छ तस्तै प्रजा पनी हुन्छन् ॥८॥ धर्मरहित ज्यूँदैलाई मृतक समान जान्दछु धर्मयुक्त मरेका पनी पुरुष चिरंजीवीनै छ ॥ ९ ॥ धर्म अर्थ काम मोक्ष येतिबाट जस् लाइ केहि पनी छैन (बाख्राका गलाकास्तन्)

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

लस्तनस्येव तस्य जन्म निरर्थकम् ॥१०॥ दह्यमानाः सुतीव्रेण नीचाः परशोऽग्निना ॥ असक्तस्तत्पदं गन्तु ततो निन्दां प्रकुर्वते ॥ ११ ॥ बन्धाय विषयासङ्गो मुक्तो निर्विषयम्मनः ॥ मन एव मनुष्याणां कारण बधमोक्षयोः ॥ १२ ॥ देहाभिमाने गलिते ज्ञानेन परमात्मनः ॥ यत्र यत्र

अर्थात् बाखाका घाँठीकाल्लुर्का जस्ता तेस्को जन्म निरर्थक छ ॥ १० ॥ दुर्जन आर्काको कीर्तिरूप दुस्सह अग्निले डढेर तेस्का पदलाई पाउँदैनन् यस कारणले तेस्को निन्दा गर्न लाग्दछन् ॥११॥ विषयहरूमा आसक्त मन बंधनको हेतु हो विषयहरूवाट रहित मुक्तिको हेतु हो मनुष्यहरूको बंध र मोक्ष को कारण मनै छ ॥ १२ ॥ परमात्माको ज्ञानले देहको अभिमानको नाश भयेपछि जहाँ जहाँ मन

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

मनो याति तत्र तत्र समाधयः ॥ १३ ॥
ईप्सितं मनसः सर्वं यस्य सम्पद्यते
सुखम् ॥ दैवायत्तं यतः सर्वं तस्मात् स-
न्तोषमाश्रयेत् ॥ १४ ॥ यथा धेनुसहस्रेषु
वत्सो गच्छति मातरम् ॥ तथा यच्च
कृतं कर्म कर्तारमनुगच्छति ॥ १५ ॥
अनवास्थितकार्यस्य न जने न वने सु-

जान्छ वहाँ वहाँ समाधिनै छ ॥ १३ ॥ मनको अभिलषित सब सुख जस्लाई मिल्दछ जुन्कारण दैवका बशमा छन् यसै कारण सन्तोषमा भरोसा गर्नु उचित छ ॥ १४ ॥ जस्तै सहस्रौं अरु गाइ छँदा छँदै बाछा आमाकै निकट जान्छ तस्तै जो केहि कर्म गरिन्छ कर्त्ता लाइ मिल्दछ ॥ १५ ॥ जस्का कार्यको स्थिरता रहँदैन त्यो न जनमा सुख पाउँछ न बनमा सुख पाउँछ जनमा तेस्लाई संसर्ग

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

खम् ॥ जनो दहति संसर्गाद्वनं सङ्गविवर्जनात् ॥ १६ ॥ यथा खात्वा खनित्रेण भूतले वारि विन्दति ॥ तथा गुरुगतां विद्यां शुश्रूषुरधिगच्छति ॥ १७ ॥ कर्मायत्तं फलं पुंसां बुद्धिः कर्मानुसारिणी ॥ तथापि सुधियश्चार्याः सुविचार्यैव कुर्वते ॥ १८ ॥ सन्तोषास्त्रिषु कर्त्तव्यः स्वदारे

ले जलाउँदछ और बनमा संसगको त्यागले जलाउँदछ ॥ १६ ॥ जस्तै खन्नाको साधनले खनेर नर पातालको जललाई पाउँछ तस्तै गुरु गत विद्यालाई सेवक शिष्य पाउँछ ॥ १७ ॥ यद्यपि फल पुरुषको कर्मको अधीनमा रहन्छ बुद्धि पनी कर्मको अनुसारनै चल्दछ तथापि बिवेकी महात्माहरू विचारले काम गर्दछन् ॥ १८ ॥ स्त्री भोजन धन इ ३ मा संतोष गर्नु उचित छ पढ्नु जप दान इ ३ मा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

भोजने धने ॥ त्रिषु चैव न कर्तव्योऽध्ययने जपदानयोः ॥ १९ ॥ एकाक्षरप्रदातारं यो गुरुं नाभिवन्दते ॥ श्वानयोनिशतं भुक्त्वा चाण्डालेष्वभिजायते ॥ ॥२०॥ युगांते प्रचेलन्मेरुः कल्पांते सप्त सागराः ॥ साधवः प्रतिपन्नार्थान्न चलंति कदाचन ॥ २१ ॥

सन्तोष कैल्है गर्नु छैन ॥ १९ ॥ जो यौटै अक्षर पनी दिने गुरुका बंदना गर्दैन त्यो कुक्कुरको सय योनिलाई भोग गरेर चण्डालका योनिमा जन्मन्छ ॥ २० ॥ युगका अन्त्यमा सुमेरु पर्वत चलायमान हुन्छ कल्पका अन्त्यमा सात समुद्र चलायमान हुन्छन् परन्तु साधुहरू स्वीकृत अर्थ बाट कैल्है विचल हुँदैनन् ॥ २१ ॥

इति त्रयोदशोऽध्यायः ॥ १३ ॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पृथिव्यांत्रीणि रत्नानि जलमन्नं सुभाषितम् ॥ मूढैः पाषाणखंडेषु रत्नसंख्या विधीयते ॥ १ ॥ आत्मापराधवृक्षस्य फलान्येतानि देहिनां ॥ दारिद्र्यरोगदुःखानि बन्धनव्यसनानि च ॥ २ ॥ पुनर्वित्तं पुनर्मित्रं पुनर्भार्या पुनर्मही ॥ एतत्सर्वं पुनर्लभ्यं न शरीरं पुनः पुनः ॥ ३ ॥ बहूनां चैव सत्वानां समवायो रिपुंजयः ॥ वर्षा-

---

पृथ्वीमा जल अन्न प्रियवचन इ तीन् रत्नछन् मूढहरूले (पाषाण) ढुङ्गाका टुक्रामा रत्नलाइ गन्ती गरे ॥ १ ॥ जीवहरूले आफ्ना अपराध रूप वृक्षको दरिद्रता रोग दुःख बंधन र विपत्ति इ फल हुन् छन् ॥ २ ॥ धन मित्र स्त्री पृथ्वी इ सबै फेरी फेरी पाइन्छन् परन्तु शरीर फेरी फेरी पाँजीदैन ॥ ३ ॥ निश्चय छ कि धेरैजन हरूका समुदाय शत्रुलाइ

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

धाराधरो मेघस्तृणैरपि निवार्यते ॥ ४ ॥
जले तैलं खले गुह्यं पात्रे दानमनागपि ॥
प्राज्ञे शास्त्रं स्वयं याति विस्तारं वस्तुश
क्तितः ॥ ५ ॥ धर्माख्याने श्मशाने च रो-
गिणां या मतिर्भवेत् ॥ सा सर्वदैव तिष्ठेच्चे
त्को न मुच्येत बन्धनात ॥ ६ ॥ उत्पन्न
पश्चात्तापस्य बुद्धिर्भवति यादृशी ॥ तादृ-

जीत्छ तृण समूह पनी बृष्टि धारालाई राखने मेघ
को निवारण गर्दछ ॥ ४ ॥ जलमा तेल दुर्जनमा
गुप्त वार्ता सुपात्रमा दान बुद्धिमान्मा शास्त्र ई
थोरै हउन् ता पनी बस्तुको शक्तिल आफैं विस्तार
मा प्राप्त हुन्छन् ॥ ५ ॥ धर्म विषयक कथाका
समयमा श्मशानमा और रोगिहरू लाई जो बुद्धि
उत्पन्न हुन्छ त्यो यदि सदा रहँदा हो ता का
बन्धन बाट मुक्त हुँदैन हो ? ॥ ६ ॥ निंदित कर्म
गरी सकेपछी पछुताउने भयाको पुरुषलाई जस्तो

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

शी यदि पूर्वं स्यात्कस्य न स्यान्महोदयः ॥७॥ दाने तपसि शौर्यें वा विज्ञाने विनये नये ॥ विस्मयो नहिं कर्तव्यो बहुरत्ना वसुंधरा ॥ ८ ॥ दूरस्थोऽपि न दूरस्थो यो यस्य मनसि स्थितः ॥ यो यस्य हृदये नास्ति समीपस्थोऽपि दूरतः ॥९॥ यस्माच्च प्रियमिच्छेत्तु तस्य ब्रूयात्सदा प्रियम् ॥

बुद्धि उत्पन्न हुन्छ तेस्तो यदि पैल्हे हुँदो हो ता कस्लाई बडा (समृद्धि) सोख हुँदैन हो ॥ ७ ॥ दानमा तपमा शूरतामा बिज्ञानतामा सुशीलतामा नीतिमा बिस्मय गर्नु छैन के निमित्त भने पृथ्वी मा धेरै रत्नछन् ॥ ८ ॥ जो जस्का हृदयमा रहन्छ त्यो टाढा हवस् ता पनी नजिक हुन्न जो जस्का मनमा छैन त्यो समीपमा वस्ता पनी टाढा छ ॥ ९ ॥ जो सित प्रीतिको इच्छा हुन्छ उससित प्रिय बोल्न उचित छ ब्याधा मृगबधको निमित्त

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

व्याधो मृगवधं कर्तुं गीतं गायति सुस्वरम् ॥ १० ॥ अत्यासन्ना विनाशाय दूरस्था न फलप्रदाः ॥ सेव्यतां मध्यभागेन राजा वन्हिर्गुरुः स्त्रियः ॥११॥ अग्निरापः स्त्रियो मूर्खः सर्पो राजकुलानि च ॥ नित्यं यत्नेन सेव्यानि सद्यः प्राणहराणि षट् ॥१२॥ स जीवति ॥ गुणा यस्य यस्य धर्मः स जीवति ॥ गुणधर्मविहीनस्य जीवितं

मधुर स्वरले गीत गाउँछ ॥ १० ॥ अत्यन्त निकट रहँदामा विनाशका कारण हुन्छ टाढा रहनाले फल दिदैनन् यस् कारणले राजा अग्नि गुरु स्त्री इनि हरुलाई मध्यावस्था बाट सेवा गर्नु ॥११॥ आगो पानी स्त्री मूर्ख सर्प राजाको कुल इ सदा सावधानताले सेवन गर्न योग्य छन् इ शीघ्र प्राण हरण गर्ने हुन्छन् ॥१२॥ जस्को गुण छ त्यो ज्यूँदो छ जस्को धर्म छ त्यो ज्यूँदो छ गुण धर्मले हीन पुरुषको ज्युँनु

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

निष्प्रयोजनम् ॥ १३ ॥ यदीच्छसि वशीकर्तुं जगदेकेन कर्मणा ॥ पुरा पञ्चदशास्येभ्यो गां चरन्तीं निवारय ॥१४॥ प्रस्तावसदृशं वाक्यं प्रभावसदृशंप्रियम् ॥आत्मशक्तिसमं कोपं यो जानाति स पण्डितः ॥१५॥ एक एव पदार्थस्तु त्रिधा भवति

व्यर्थ छ ॥ १३ ॥ एक कर्मले जगत्लाई वश गर्न खोज्छ भने पैल्हे पन्ध्रको मुखबाट इन्द्रियलाई निवारण गर तात्पर्य क हो भने आँखा कान नाक जिभो त्वचा इ पाँच ज्ञानेन्द्रिय हुन् मुख हात पाऊ लिंग गुदा इ पाँच कर्मेन्द्रिय हुन् रूप शब्द रस गन्ध स्पर्श इ पाँच ज्ञानेन्द्रिय हरूको विषय हुन् ई १५ ले मनलाई निवारण गर्नु उचित छ ॥ १४ ॥ प्रसंग योग्य वाक्य प्रकृति सदृशप्रिय आफ्ना शक्ति अनुसारको कोपलाई जो जान्दछ त्यो बुद्धिमान् हो ॥१५॥ यौटै देहरूप वस्तु तीन्

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

दीक्षितः ॥ कुणपः कामिनी मासं योगिभिः कामिभिः श्वभिः ॥ १६ ॥ सुसिद्धमौषधं धर्मं गृहच्छिद्रं च मैथुनम् कुभुक्तं कुश्रुतं चैव मतिमान् न प्रकाशयेत ॥१७॥ तावन्मौनेन नीयन्ते कोकिलैश्चैव वासराः ॥ यावत्सर्वजनानन्ददायिनी वाक्प्रवर्तते ॥ १८ ॥ धर्मं धनं च धान्यं च गुरो-

---

प्रकार को देखिन्छन् योगीहरू तेस् देखि अति निन्दित मृतकरूपले कामी पुरुष कान्ता रूपले कुक्कुर मांसरूपले देख्दछन् ॥१६॥ सिद्ध औषधी धर्म आफ्नो घरको दोष मैथुन कुअन्नको भोजन निन्दित वचन इ कुरा प्रकाश गर्नु बुद्धिमान् लाई उचितछैन ॥ १७ ॥ तहीं सम्म कोकिल मौनसाधन गर्दछ जहाँ सम्म सब प्राणी लाइ आनन्द दिने भयाको वाणी प्रारंभ गर्दैन ॥ १८ ॥ धर्म

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

वचनमौषधम् ॥ सुगृहीतं च कर्तव्यमन्यथा तु न जीवति ॥ १९ ॥ त्यज दुर्जनसंसर्गं भज साधुसमागमम् ॥ कुरु पुण्यमहोरात्रं स्मर नित्यमनित्यताम् ॥ २० ॥

यस्य चित्तंद्रवीभूत कृपया सर्वजन्तुषु ॥ तस्य ज्ञानेन मोक्षेण किं जटाभस्मलेपनैः ॥ १ ॥ एकमेवाक्षरं यस्तु गुरुः शिष्यं प्र-

---

धन धान्य गुरुको वचन औषधी गर्नु पर्छ जो यस्तो गर्दैन त्यो बाँच्दैन ॥ १९ ॥ खलका संग छोड साधुका समागम स्वीकार गर दिनरात पुण्य गर्नै गर ईश्वरको नित्य स्मरण गर किनभने सन्सार अनित्य छ ॥ २० ॥ इति चतुर्दशोऽध्यायः ॥१४॥

जस्का चित्त सबै प्राणि हरूमा दयाले पग्लन्छ तेसलाइ ज्ञानलें मोक्षले जटाले विभूत लेपनले के गर्छ ? ॥ १ ॥ जोगुरूले शिष्यलाई यौटै अक्षरका मात्र उपदेश गर्दछ येस्बाट उत्तीर्ण हुनू शिष्यले

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

बोधयेत् ॥ पृथिव्यां नास्ति तद् द्रव्यं यद्द-
त्वा चानृणी भवेत् ॥ २ ॥ खलानां कण्ट
कानां च द्विविधैव प्रतिक्रिया ॥ उपानन्मु
खभंगो वा दूरतो वा विसर्जनम् ॥ ३ ॥
कुचैलिने दन्तमलप्रधारिणं बह्वाशिनं नि-
ष्ठुरभाषिणं च । सूर्योदये चास्तमिते श-
यानं विमुञ्चति श्रीयदि चक्रपाणिः ॥४॥

गुरुलाई दिने वस्तु पृथ्वीमा क्यै पनो छैन ॥ २ ॥
खल अर्थात् मूर्ख र काँढा ईन्को उपाय दुइ
प्रकार का मात्र छन् कीत जुताले मुख तोडनु कि
टाढाबाट त्यागगर्नु ॥ ३ ॥ मलिन अर्थात्
मैलो वस्त्र भयाका लाई दाँतको मयेल् न फालने
लाई धेरै भोजन गर्ने लाई कटु भाषी अर्थात्
कडुवा बोलने लाई सूर्यउदाउने र अस्ताउने बेला
मा सुत्ने लाई विष्णुनै भया पनी लक्ष्मी ले

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

त्यजन्ति मित्राणि धनैर्विहीनं दाराश्च भृत्याश्च सुहृज्जनाश्च ॥ तं चार्थवंतं पुनराश्रयन्ति ह्यर्थो हि लोके पुरुषस्य बन्धुः ॥ ५ ॥ अन्यायोपार्जितं द्रव्य दशवर्षाणि तिष्ठति ॥ प्राप्ते चैकादशे वर्षे समूलं च विनश्यति ॥ ६ ॥ अयुक्तं स्वामिनो युक्तं युक्तं नीचस्य दूषणम् ॥ अमृतं राहवे मृत्युर्विषं शंकरभूषणम् ॥७॥ तद्भोजन यद्

छोडदछिन् ॥ ४ ॥ मित्र स्त्री सेवक बन्धु इनिहरू धन हीन पुरुषलाई छोड्दछन् त्यै पुरुष यदि धनी भयो भने फेरा उसको आश्रय गर्दछन् धन लोक मा बंधु छ ॥ ५ ॥ अनीतिले बटोलियाको धन दसवर्ष पर्यन्त रहंछ येघारौवर्ष प्राप्त भये पछी मूल सहित नष्ट हुन्छ ॥ ६ ॥ अयोग्य वस्तुपनी सामर्थं लाई योग्य हुन्छ दुर्जनलाई योग्य पनी दूषण हुन्छ अमृतले राहुलाई मृत्युदियो विषपनी शंकर

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

द्विजभुक्तशेषं तत्सौहृदं यत् क्रियते परस्मिन् ॥ सा प्राज्ञता या न करोति पापं दम्भं विना यत् क्रियते स धर्मः ॥ ८ ॥ मणिर्लुठति पादाग्रे काचः शिरसि धार्यते । क्रयविक्रयवेलायां काचः काचो मणिर्मणिः ॥ ६ ॥ अनन्तशास्त्रं वहुलाश्च विद्याः अल्पश्च कालो बहुविघ्नता च ॥ यत्सारभूतं तदुपासनीयं हंसो यथा क्षीरमिवांबु-

लाई भूषण भयो ॥ ७ ॥ ब्राह्मणले भोजन गरेर उब्रेको जो हो त्यै भोजनहो जो अरूको जातीहो त्यै मित्रताहो जो पापगर्दैन त्यै बुद्धिमान हो जो विना दम्भले गरिन्छ त्यै धर्म हो ॥ ८ ॥ अघि पछि मणि गोडामा लदीयोस्काँच शिरमा धारण गरियोस् तर क्रय-विक्रय बेलामा मणि मणिनै हुन्छ काँच काँचै हुन्छ ॥ ६ ॥ शास्त्र अनन्त छ विद्या बहुत छ काल् थोरैछ विघ्न घेरैछ अतएव

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यात् ॥ १० ॥ दुरागतातिथिं श्रान्तं वृथा च गृहमागतम् ॥ अनर्चयित्वा यो भुङ्क्ते सर्वे चांडाल उच्यते ॥ १२ ॥ पठान्ति चतुरो वेदान् धर्मशास्त्राण्नेकशः॥ आत्मानं नैव जानान्ति दर्वी पाकरसं यथा ॥ १२ ॥ धन्याद्विजमया नौका विपरीता भावार्णवे॥ तरन्त्यधोगताः सर्वे उपरिस्थाः

जो सार छ तेस्लाई झिक्नुपर्छ जस्तै हंस पानिका बिच् बाट दुध लाई झिक्छ ॥ १० ॥ टाढाबाट आयाका लाई बाटो हिंडेर थाकेकालाई निरर्थक घरमा आयेका लाई सत्कार न गरेर जो खान्छ त्यो चाण्डालमा गनिन्छ ॥ ११ ॥ चारै वेद अनेक धर्मशास्त्र पढ्दछन् परन्तु आत्मालाई जान्दैनन् जस्तै डाडु सबै थोकका रस्म डुबी रहन्छ तर स्वाद पाउन्न ॥ १२ ॥ यो ब्राह्मणरूप (नाऊ) डुँगा धन्यहो संसार रूप समुद्रमा इन्को उल्टै रीत

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पतन्त्यधः ॥१२॥ अयममृतनिधानं ना-
यकोऽप्यौषधीनाममृतमयशरीरः कान्ति-
क्तोऽपि चन्द्रः ॥ भवति विगतरश्मिमण्ड-
लं प्राप्यं भानोः परसदननिविष्टः को लघु-
त्वं न याति ॥ १४ ॥ अलिरयं नलिनी-
दलमध्यगः कमलिनीमकरन्दमदालसः ॥

मात्र छ यस्मा न बस्ने मान्छे सबै पालागदछन्
यस्माथी बस्ने मान्छे सबै तल्तीर खस्दछन्
अर्थात् ब्राह्मण सँग जो नम्र रहन्छ त्यै पार
लाग्छ जो नम्र हुन्न त्यो नरकमा गिर्दछ ॥ १३ ॥
अमृतको घर औषधिहरू का अधिपति जस्को
शरीर अमृतमय छ और शोभा युक्त पनी चन्द्रमा
सूर्यको मंडलमा गयेर निस्तेज हुन्छन् आर्काको
घरमा वसी को लघुता पाउँदैन ॥ २८ ॥ यो
भँवरा जब कमलिनीका पातका मध्यमा थियो
तब कमलिनी का रसले अल्छी भै रहन्थ्यो अब

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

विधिवशात्परदेशमुपागतः कुटजपुष्परसं बहु मन्यते ॥ १५ । पीतः क्रुद्धेन तातश्चरणतलहतो वल्लभो येन रोषादाबाल्याद्विप्रवर्यैः स्ववदनविवरे धार्यते वैरिणी मे ॥ गेहं मे छेदयन्ति प्रतिदिवसमुमाकान्तपूजानिमित्तं तस्मात् खिन्ना सदाहं द्विजकुलनिलयं नाथ रुष्टा त्यजामि ॥ १६ ॥

दैववशले परदेशमा आयेर कुटुज पुष्प अर्थात् अगस्तिका फुलको रसमा पनी मग्नछ ॥ १५ ॥ जस्ले रिसायेर मेरा पिता लाई पीई दीयो जस्ले क्रोधले मेरा (कांत) पतिलाई लात्तीले हान्यो जो श्रेष्ठ ब्राह्मण बसेर सदा केटाकेटी देखिन मुख बिवरमा मेरी वैरिणी लाई राख्छन् प्रतिदिन पार्वती का पतिको पूजा निमित्त मेरा गृह कमलका फूल लाई काट्दछन् हे नाथ येसै कारणले खेद भनेर ब्राह्मण हरूका घरलाई सदा छोड्दछु लक्ष्मीले भनेका हो १६

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धनानि खलु सन्ति बहूनि प्रेमरज्जुकृ-
तबन्धनमन्यत् ॥ दारुभेदनिपुणोऽपि षंड-
घ्रिर्निष्क्रियो भवति पंकजकोशे ॥१८॥
छिन्नोऽपि चन्दनतरुर्न जहाति गन्धं बद्धो-
ऽपि वारणपतिर्न जहाति लीलाम् ॥ यन्त्रा
र्पितो मधुरतां न जहाति चक्षुः क्षीणोऽपि
न त्यजति शीलगुणान् कुलीनः ॥१८॥
उर्व्यां कोऽपि महीधरो ल॰॰तरो दोर्भ्यां धृतो

बन्धनता धरैछन् परंतु प्रेमका डोरोको बन्धन बलियो
हो काठमा प्वाल् पार्न सक्ने भये पनी भँवरा कमलका
कोशमा निर्व्यापार हुन्छ अर्थात् क्यै गर्न सक्तैन
॥ १७॥ काटेको चन्दनको वृक्षभये पनी सुगंधलाइ
छोडदैन गजपति बुढो भये पनी विलासलाई त्याग
गर्दैन उखु कोलमा पेले पनी मधुरता लाइ छोडदैन
कुलीन पुरुष दरिद्र भये पनी सुशीलता आदि गुणलाई
छोड्दैनन् ॥ १८ ॥ पृथ्वीमा कुनै अत्यन्त हलुको

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

लीलया तेन त्वं दिवि भूतले च सततं गोवर्द्धनो गीयसे ॥ त्वां त्रैलोक्यधरं वहामि कुचयोरग्रे न तद् गण्यते किं वा केशव भाषणेन बहुना पुण्यैर्यशो लभ्यते ॥ १९ ॥

न ध्यातं पदमीश्वरस्य विधिवत् संसारविच्छित्तये स्वर्गद्वारकपाटपाटनपटुर्ध-

---

पर्वतलाई अनायास बाहुमा धारण गर्दामा तपाजि स्वर्ग र पृथ्वीतलमा सर्वदा गोवर्द्धन कहलाउनु हुन्छ तिनैलोक लाई धर्ने भयाका हजूरलाई केवल कुचका अग्रभागमा धारण गर्दछु यो क्यै गनिदैन हे केशव। धेरै भनेर के गर्नु पुण्यले मात्र यो जश पाइन्छ।१९।

इति श्रीपंचदशोऽध्यायः ॥ १५ ॥

संसारमा मुक्त हुँनाका निमित्त विधिवत् ईश्वरका पदको ध्यान म बाट भयेन स्वर्ग द्वारको ढोकालाई चीर्ना मा समर्थ धर्मको पनी आर्जन गरिन स्त्री का दुवै पीनस्तन र जंघाको आलिङ्गन स्वप्नामा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

मोंऽपि नोपार्जितः ॥ नारीपीनपयोधरो-
रुयुगलं स्वप्नेपि नालिंगितं मातुः केवल-
मेव यौवनवनच्छेदे कुठार वयम् ॥ १ ॥
जल्पन्ति सार्द्धमन्येन पश्यन्त्यन्यं सवि-
भ्रमाः ॥ हृदये चिन्तयन्त्यन्यं न स्त्रीणा-
मेकतो रतिः ॥ २ ॥ यो मोहान्मन्यते
मूढो रक्तेयं मयि कामिनी ॥ स तस्या वश-
गो भूत्वा नृत्येत क्रीडाशकुंतवत् ॥ ३ ॥

पनी गरीन म केवल माताका युवापनरूपी वृक्ष
लाई काटनमा बञ्चरा भयें अर्थात् आमाको
चढदो उमेर विगार्न मात्र जन्म भयो ॥१॥ भाषण
आर्का सँग गर्दछे आर्कैलाई विलास सित हेर्दछे
हृदय मा आर्काके चिन्ता गर्दछे स्त्रीको प्रीति यौटे
मा रहदैन ॥ २ ॥ जो मूर्ख विवेक न गरेर यो
कामिनी ममाथि प्रेमगर्दछ भन्ने विचार गर्दछे त्यो
मूर्ख त्यै स्त्रीका वशमा परेर खेल्को पक्षी समान

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

कोऽर्थान्प्राप्य न गर्वितो विषयिणः कस्यो-पदोऽस्त गताः स्त्रीभिः कस्य न खंडित भुवि मनः को नाम राज्ञः प्रियः ॥ कःकालस्य न गोचरत्वमगमत् कोऽर्थी गतो गौरव को वा दुर्जनदुर्गुणेषु पतितः क्षेमेण यातः पथि ॥ ४ ॥ न निर्मिता केन च दृष्टपूर्वा न श्रूयते हेममयी कुरंगी ॥ तथापि तृष्णा रघुनन्दस्य विनाशकाले बिपरीतबुद्धिः

नाँची रहन्छ ॥ ३ ॥ धन पायेर गर्व न गर्ने को भयो कुन विषयीको विपत्ति नष्ट भयो पृथ्वीमा कसको मनलाई स्त्री हरूले खण्डित गरेनन् राजा को प्रिय को भयो कालका वशमा को परेनन् कुन [याचक] मान्नेले गुरुता पाया दुष्टका दुष्टता मा परेर संसारको पथमा कुशलता सँग को गयो? ॥ ४ ॥ सुनकी मृगी न पैल्हे कसैले रच्यो न देख्यो न कहिले सुन्यो त पनी रघुनन्दनको तृष्णा

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ५ ॥ गुणैरुत्तमतां यान्ति नोच्चैरासनसंस्थितः ॥ प्रासादशिखरस्थोऽपि काकः किं गरुडायते ॥ ६ ॥ गुणाः सर्वत्र पूज्यन्ते न महत्योऽपि संपदः पूर्णेन्दुः किं तथा वन्द्यो निष्कलंको यथा कृशः ॥ ७ ॥ परप्रोक्तगुणो यस्तु निर्गुणोऽपि गुणो भवेत् ॥ इन्द्रोऽपि लघुतां याति स्वयं प्रख्या-

तेसै माथी भयो विनाश कालमा बुद्धि विपरीत हुन्छ ॥५॥ प्राणी गुणले उत्तमता पाउँछ अग्लो आसन मा वसेर पाइन्न कौसीमाथी बसेको कौवा के त गरूड हुन्छ ॥ ६ ॥ सब ठाउँमा गुण पूजिन्छ बडो सम्पति व्हैन पूर्णिमाका पूर्ण चन्द्रमा पनी के तेस्तै बंदित हुन्छन् जस्तै विना कलंकका द्वितीयाका दुबलो पनी ॥ ७ ॥ जस्को गुणलाई अरूले वर्णन गर्दछन त्यो निर्गुणी भया पनी गुणवान् कहलाँउछ इन्द्र पनी आफ्ना गुणलाई आफै प्रशंशा गर्छन् भने तिनले लघुता पाऊँछन्

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पितैर्गुणैः ॥ ८ ॥ विवेकिनमनुप्राप्ता गुणा यान्ति मनोज्ञताम् ॥ सुतरां रत्नमाभाति चामीकरनियोजितम् ॥ ९ ॥ गुणैः सर्वज्ञतुल्योऽपि सीदत्येको निराश्रयः ॥ अनर्घ्यमपि माणिक्यं हेमाश्रयमपेक्षते ॥१०॥ अतिक्लेशेन ये ह्यर्था धर्मस्यातिक्रमेण तु ॥ शत्रूणां प्रणिपातेन ये अर्था मा भवन्तु मे ॥ ११ ॥ किं तया क्रियते लक्ष्म्या या वधूरिव केवला ॥ या तु वेश्येव सामान्या

॥ ८ ॥ विवेकी लाई पायेर गुण सुन्दरता पाउँछ जब रत्न सुनमा जडिन्छ तब अत्यन्त सुन्दर देखिन्छ ॥ ९ ॥ गुणहरूले हीन ईश्वरको सदृश पनी निरालम्ब एकलो पुरुषः दुःख पाउँछ अमोल मणिक्य सुन्को आलम्बनकी अर्थात् तेस्मा जडिनाको अपेक्षा गर्छ ॥ १० ॥ अत्यन्त पीडाले धर्म को त्यागले र बैरिहरूको प्रणतिले जो धन हुन्छ सो मलाई न हुन् ॥११॥ त्यो सम्पतिले

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पांथकैरपि भुज्यते ॥ १२ ॥ धनेषु जीवि-
तव्ये च स्त्रीषु चाहारकर्मसु ॥ अतृप्ताः
प्राणिनः सर्वे याता यास्यान्ति यान्ति च
॥१३॥ क्षीयन्ते सर्वदानानि यज्ञहोमबलि-
क्रियाः॥ न क्षीयते पात्रदानमभयं सर्वदे-
हिनाम् ॥ १४ ॥ तृणं लघु तृणात्तूलं तू-
लादपि च याचकः॥ वायुना किं न नीतो-

मान्छे के गर्न सक्छ जो वधू समान केवल
छ जो वेश्याका समान सर्व साधारण हवस्
त्यो पथिक हरूका भोगमा आउने सक्दछ ॥१२॥
धन्मा जीवनमा स्त्री हरूमा भोजनमा अतृप्त भये
र सबै प्राणी जाँदैगर्छन् जाने पछी छन् ॥१३॥
सबै दान यज्ञ होम वलि ई सबै नष्ट हुन्छन्
सत्पात्र लाई दान र सबै जीवला।ई अभय दान ई
क्षीण हुँदैनन् ॥ १४ ॥ तृण सबै भन्दा लघु हुन्छ
तृण भन्दा रूओ रूओ भन्दा पानो याचक हलुको

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

ऽसौ मामयं याचयिष्यति ॥ १५ ॥ वरं प्राणपरित्यागो मानभंगेन जीवनात् ॥ प्राणत्यागे क्षणं दुःखं मानभंगे दिनेदिने ॥ १६ ॥ प्रियवाक्यप्रदानेन सर्वे तुष्यन्ति जन्तवः ॥ तस्मात्तदेव वक्तव्यं वचनं किं दरिद्रता ॥१७॥ संसारकूटवृक्षस्य द्वे फले ह्यमृतोपमे ॥ सुभाषितं च सुस्वादं संगतिः

हुन्छ यस्लाई वायुले किन उडायेर लैजान्न भने त्यो पनी यो ठान्छ के भने यो मसँग पनी माँग्ला ॥ १४ ॥ मानभंग पूर्वक जीउनु भन्दा प्राण त्यागनु श्रेष्ठ छ प्राण को त्यागको समय क्षणभर मात्र दुःख हुन्छ मान को नाश भये पछि दिन दिन कष्ट हुन्छ ॥ १६ ॥ मधुर बचन बोलनाले सबै जीव सन्तुष्ट हुन्छन् अतएव त्यो बोलनु योग्य छ वचनमा के दरिद्रता ? ।१७। संसाररूप कूट बृक्षका फल दुई मात्र छन् रसीला प्रिय वचन र सज्जनको सङ्गती ॥१८॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

सुजने जने ॥ १८ ॥ बहुजन्मसु चाचमस्तं दानमध्ययनं तपः ॥ तेनैवाभ्यासयोगेन देहि चाभ्यस्यते पुनः ॥१९॥ पुस्तकेषु च या विद्या परहस्तेषु यद्धनम् ॥ उत्पन्नेषु च कार्येषु न सा विद्या न तद्धनम् ॥ २० ॥

पुस्तकं प्रत्ययाधीतं नाधीतं गुरुसन्निधौ ॥ सभामध्ये न शोभन्ते जारगर्भा इव स्त्रियः ॥ १ ॥ कृते प्रतिकृतिं कुर्याद्धिंसेन

जो जन्म जन्ममा दान पढनु तप इनीहरुका अभ्यास गरिन्छ त्यो अभ्यासको योगले देहि अभ्यास फेरी गर्दछ ॥ १९ ॥ जो विद्या पुस्तक मा रहन्छ आर्काका हातमा जो धन रहन्छ काम परी आयेमा न त्यो विद्याछ न त्यो धन छ ॥ २० ॥

इति श्रीपञ्चदशोऽध्यायः ॥

जस्ले केवल पुस्तकका प्रति देखी पढ्यो गुरुको निकट पढेन त्यो सभाको बीचमा व्यभिचारले गर्भिणी भयाकी स्त्रीहरुका समान शोभा पाउँ दनै

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिहिंसनम् ॥ तत्र दोषं न पश्यन्ति दुष्टं दुष्टे समाचेरत् ॥२॥ यद् दूरं तद् दुराराध्यं यच्च दूर व्यवस्थितम् ॥ तत् सर्वं तपसा साध्यं तपो हि दुरतिक्रमम् ॥३॥ लोभश्चेदगुणेन किं पिशुनता यद्यस्ति किं पातकैः सत्यं चेत्तपसा च किं शुचि मनो यद्यस्ति तीर्थेन किं ॥ सौजन्यं यदि किं गुणैः सुमहिमा यद्यस्ति किं मण्डनैः

॥ १ ॥ उपकार गरे पछि प्रत्युपकार गर्नु पर्छ मारे पछी मार्नु पर्छ येस्मा अपराध हुँदैन किन भने दुष्टता गरे पछि दुष्टताकै आचरण गर्नु उचित हुन्छ ॥ २ ॥ जो टाढाछ जस्को आराधना हुनसक्तैन जो टाढा वर्तमान छ त्यो सबै तपले सिद्ध हुन सक्दछ तेसै कारणले सबै मन्दा प्रबल तप छ ॥ ३ ॥ यदि लोभ छ भने आर्कों दोष के चाहियो यदि आर्कोको चुग्ली लाउँने बानी छ भने आर्कों पाप के चाहियो यदि सत्यता छ भने

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

सद्विद्या यदि किं धनैरपयशो यद्यस्ति किं मृत्युना ॥ ४ ॥ पिता रत्नाकरो यस्य लक्ष्मीर्यस्य सहोदरी ॥ शंखो भिक्षाटनं कुर्यान्नादत्तमुपतिष्ठते ॥ ५ ॥ अशक्तस्तु भवेत्साधुर्ब्रह्मचारी च निर्धनः ॥ व्याधिष्ठो देवभक्तश्च वृद्धा नारी पतिव्रता ॥ ६ ॥ नान्नोदकसमं दानं न तिथिर्द्वादशीसमा ॥

तपको प्रयोजन केछ यदि मन स्वच्छ छ भने तीर्थ के चाहियो यदि सज्जनता छ भने अरुगुण किन चाहियो यदि महिमाछ भने गहना के चाहियो यदि अपयश छ भने मृत्यु के चाहियो ॥४॥ जस्का पिता रत्नका खानी समुद्र छन् लक्ष्मी जस्की बैन्हो छन् उस्तो शंख भीख माग्दछ न दियेको पाइन्न भने को साँचो हो ॥ ५ ॥ शक्तीहीन साधु हुन्छ निर्धन ब्रह्मचारी हुन्छ रोग ग्रस्त देबताको भक्त हुन्छ बुढी स्त्री पतिव्रता हुन्छे ॥ ६ ॥ अन्न जल समान कुनै दान छैन

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

न गायत्र्याः परो मंत्रो न मातुर्दैवतं परम् ॥७॥ तक्षकस्य विषं दन्ते मक्षिकाया विषं शिरः ॥ वृश्चिकस्य विषं पुच्छे सर्वांगे दुर्जने विषम् ॥८॥ पत्युराज्ञां विना नारी उपोष्य व्रतचारिणी ॥ आयुष्यं हरते भर्तुः सा नारी नरकं व्रजेत् ॥९॥ न दानैः शुध्यते नारी उपवासशतैरपि ॥ न तीर्थसेवया तद्वद्भर्तुः पादोदकैर्यथा ॥१०॥

द्वादशी समान कुनै तिथि छैन गायत्री समान अरु कुनै मंत्र छैन माता समान अरू देवता कुनै छैन ॥ ७ ॥ सर्पका दाँतमा विष हुन्छ माखाको शिरमा विष हुन्छ विच्छीका पुछमा विष हुन्छ दुर्जन हरुका सब अंगमा विषै भरियोको हुन्छ ॥८॥ पतिको आज्ञा बिना उपवास व्रत गर्ने स्त्री स्वामीको आयुलाई हर्दछे त्यो स्त्री आफु पनी नरकमा जान्छे ॥ ९ ॥ न दानले न सयकडौं उपवासले न तीर्थका सेवन गर्नाले क्यैलेपनी स्त्री तत्तिको शुद्ध हुँदीन जत्तिको स्वामिको चरणोदकले शुद्ध हुन्छे

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

पादशेषं पीतशेषं संध्याशेषं तथैव च ॥ श्वानमूत्रसमं तोयं पीत्वा चान्द्रायणं चरेत् ॥ ११ ॥ दानेन पाणिर्न तु कङ्कणेन स्नानेन शुद्धिर्न तु चन्दनेन ॥ मानेन तृप्तिर्न तु भोजनेन ज्ञानेन मुक्तिर्न तु मंडनेन ॥१२। नापितस्य गृहे क्षौरं पाषाणे गन्धलेपनम् ॥ आत्मरूपं जले पश्यन्

॥ १० ॥ गोडा धोयेर जो पानी शेष बाकी रहन्छ खायेर जो पानी रहन्छ सन्ध्या गेर पछि जो अवशिष्ट पानी रहन्छ सो कुक्कुरका मूत्र सामान हुन्छ यो खायो भये चान्द्रायणको व्रतगर्नु पर्छ ॥ ११ ॥ हात दानले शोभा पाउँछ कंकण लायेर शोभा हुन्न, स्नान गर्नाले शरीर शुद्ध हुन्छ चन्दन लायेर हुन्न, आदरले तृप्ति हुन्छ भोजनले हुन्न ज्ञानले मुक्ति हुन्छ छापा, तिलक आदि भूषणले हुन्न ॥ १२ ॥ नाउका घरमा गयी केश मुण्डन गर्नै ढुंगा वाट घिकदै चन्दन लाउँने आफ्नु रूप

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

शक्रस्यापि श्रियं हरेत् ॥ १३ ॥ सद्यः प्रज्ञाहरा तुंडी सद्यः प्रज्ञाकरी बचा ॥ सद्यः शक्तिहरा नारी सद्यः शक्तिकरं पयः ॥ १४ ॥ परोपकरणं येषां जागर्ति हृदये सताम् ॥ नश्यन्ति विपदस्तेषां सम्पदः स्युः पदे पदे ॥१५॥ यदि रामा यदि च रमा यदि तनयो विनयगुणोपेतः ॥ तनये तनयोत्पत्तिः सुरवरनगरे किमाधिक्यम्

लाई पानीमा हेर्नें इन्द्र भयेपनी तेस्को लक्ष्मीलाई इनि हर्दछन् ॥ ३ ॥ शूद्रले शीघ्रनै वुद्धी हरण गर्छ बोझोले झटपट बुद्धि दिन्छ स्त्री तुरून्त शक्ति हर्दछे दूध शीघ्रनै बल गराउँछ ॥१४॥ जो सज्जन हरूका हृदयमा परोपकार वसी रहेको छ तिन्को बिपरि नष्ट हुन्छ सम्पत्ति पदपदमा बढदो जान्छ ॥ १५ ॥ यदि कान्ता छ यदि लक्ष्मी पनी बर्तमान छन् यदि पुत्र सुशीलता गुणले युक्त छ पुत्रको पनी पुत्र उत्पत्ति भयेको हवस् फेरी देवलोकमा यो

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

॥१६॥ अहारनिद्राभयमथुनानि समानि चैतानि नृणां पशूनाम् ॥ ज्ञानं नाराणामधिको विशेषो ज्ञानेन हीनाः पशुभिः समानाः ॥१७॥ दानार्थिनो मधुकर यदि कर्णतालैर्दूरीकृताःकारिवरेणमदान्धबुद्ध्या ॥ तस्यैव गण्डयुगमण्डनहानिरेषा भृङ्गाः पुनर्विकचपद्मवने वसन्ति ॥१८॥ राजा वेश्या यमश्चाग्निस्तस्करो बालयाचकौ ॥

भन्दा अधिक के छ ॥१६॥ भोजन निद्रा भय मैथुन इ मनुष्य र पसुहरू सबैको एक छ मनुष्य लाई केवल ज्ञान अधिक छ ज्ञान रहित नर पशु समान हो॥१७॥ यदि मदान्ध गजराजले गजमदको अर्थी अर्थात् गज-मदमा लोभी भँवरालाई मदान्धताले कर्णका ताल बेध पाऱ्यो भने त्यो आफ्नु गण्डस्थलको शोभा हानिभयो ती भँवरा फेरी बिकसित कमल बनमा बस्तछन् ॥१८॥राजा, वेश्या, यम, अग्नि, चोर, बालक, याचक, आठौं ग्रामकण्टक अर्थात् गाउँलेलाइ दुःख दियेर

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

परदुःखं न जानन्ति अष्टमो ग्रामकंटकः ॥१९॥ अधः पश्यसि किं वाले पतितं तव किं भुवि॥ रे रे मूर्ख न जानासि गतं तारुण्य-मौक्तिकम्॥२०॥व्यालाश्रयापि विफलापि संकटकापि वक्रापि पंकिलभवापि दुरासदापि॥गन्धेन गन्धुरासि केतिकि सर्वजन्तोरेको गुणः खलु निहान्ति समस्तदोषान्॥ २१ ॥

आफ्नु निर्वाह गर्नै भयाका इनिहरू आर्काका दुःख लाई जान्दैनन् ॥१९॥ हे बाले ! तलतिर के हेर्दछयौ तिम्रो पृथ्वीमा के खसे को छ? भन्ने यस्तो बचन सुनी स्त्री भन्न लागिन् अर्थात् ए ए मूर्ख मेरो यो तरूणता रूपी मोती खस्यो सो जान्दैनस् रे ॥२०॥ हे केतकी यद्यपि तँ सर्पको घरहोस् निष्फल छस् अर्थात् फूल न फल्ने त काँढा काँढा भयेको छस बांगी पनीछस् हीला-बाट तेरो उतपत्ति छ तँ दुःख सँग मिल्छस् तथापि योटै सुगन्ध गुणले सबै प्राणी हरू लाई बन्धु समान भयेको होस् योटेगुण भये पनी दोषलाई नाशगर्छ भनेको साँचो रहेछ ॥२१॥ इति चाणक्यनीतिदर्पण समाप्तम् ॥

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

Kirtikant Sharma Collection, Najafgarh

CC-0. In Public Domain. Digitization by eGangotri

गोर्खा भाषाका पुस्तक हरू

असली ८ काण्ड रामायण	६)
असली ठूलो कृष्णचरित्र	६)
महाभारत बिराटपर्व	३)
देवी भागवत श्लोक	५)
चाणक्यनीति भा० टी०	।।)
दम्पति-मिलनविवाहलीला	।=)
उषा चरित्र	।-)
सत्यवान सावित्री	।=)
गोर्खा भजनमाला	।-)
चन्द्रनाथ भजनमाला	।।।)
संगीत चन्द्रोदय	।०)
ज्योतिःसार शिरोमणि	२।।)
ठूलो स्वस्थानी	३।।)
हरितालिका व्रत कथा	।-)
कृष्णाष्टमी व्रत कथा	।-)
ऋषिपञ्चमी व्रत कथा	।-)
सप्ताह मण्डप पूजाविधि	१)
पूजा सामग्री रत्नावली	१)
कथासंग्रह	।।।)
भगवद्गीता भा० टी०	२।।)
अर्जुनगीता श्लोक	।।)
पाण्डवगीता भा० टी०	।-)
गर्भगीता भा० टी०	।=)
सिद्ध मन्त्रावली	।=)
चूडोपनयन	१।)
अन्त्य पद्धति	१।)
विवाह पद्धति	१।)
अग्निस्थापना	१)
श्राद्धतीर्थैकोद्दिष्टपार्वण	।।)
ग्रहशान्ति मात्रिका पूजा	१।)
सत्यनारायण कथा	।।)
रुद्री पूजाविधि समेत	।।)
वार्षिक व्रतरत्नावली	४)
गरुडपुराण भा० टी०	२।।)
वासिष्ठी उपनयन	१।)
वासिष्ठी विवाह पद्धति	१।)
प्रेतमञ्जरी	।।)
कोकशास्त्र	२।।)

पुस्तक पाइने ठेकाना—

सर्व हितैषी कम्पनी,

जालपादेवी रोड, बनारस सिटी ।

Kirtikant Sharma Collection, Najafgarh